सबल अर्थतन्त्रको साझा विचार

# कर्पोरेट Times

Corporate Times Weekly

साप्ताहिक

❑ वर्षः २ ❑ अंकः ९ ❑ २९ भदौ २०८२, आइतबार ❑ 14 September 2025, Sunday ❑ corporatetimes.com.np ❑ पृष्ठः ८ ❑ मुल्य रुः १०/-

# खरानीको ध्वाँसमा बसेर संविधान बाहिर

## प्रधानमन्त्री, चुनौतिको चाङमा फागुन २१



चेत नारायण पाण्डेय / काठमाडौं

जेन-जी विद्रोहको जगमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्की शुक्रबार प्रधानमन्त्रीमा नियुक्त भएकी छन् । पहिलो महिला प्रधानन्यायाधीश कार्कीले पहिलो कार्यकारी प्रमुखको इतिहास पनि रचेकी छन् ।

कार्की ६ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन गराउने प्रमुख जिम्मेवारीसहित अन्तरिम सरकारको प्रधानमन्त्री बनेकी हुन् । प्रधानमन्त्रीमा नियुक्ति भएलगत्तै उनको सिफारिसमा शुक्रबार नै राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभा विघटन गरेका छन् । प्रधानमन्त्रीको सिफारिसमा आगामी २१ फागुनमा निर्वाचन गर्ने मिति तोकिएको छ ।

सोमबार सुरु भएको जेन-जी आन्दोलनको दबाबले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले मंगलबार राजीनामा दिएका थिए । प्रतिनिधिसभा विघटन गरेर अन्तरिम सरकार गठन गर्नुपर्ने मुख्य माग अघि सारेको जेन-जीका प्रतिनिधि र सरोकारवाला पक्षबीच भएको चरणबद्ध छलफलबाट कार्कीलाई प्रधानमन्त्री बनाउने टुंगो लागेको हो । कार्कीलाई प्रधानमन्त्री बनाउने विषयमा राष्ट्रपति पौडेल र जेन-जीका प्रतिनिधिबीच बिहीबारै वार्ता सुरु भएको थियो । कार्कीलाई प्रधानमन्त्री बनाउने विषयमा बेलैमा सहमति जुटे पनि संसद् विघटनबारे दुवै पक्षले लामो समय अडान राखे । रातभरमा सहमति नजुटेपछि शुक्रबार बिहान करिब ३ बजे वार्ता स्थगन गरिएको थियो ।

प्रधानमन्त्री कार्कीका ३ प्रमुख चुनौती

१. भ्रष्टाचारविरुद्ध उच्चस्तरीय जााचबुझसहित आन्दोलनका एजेन्डा सम्बोधन

२. २३ भदौमा जेन-जीमाथि भएको बर्बर दमन तथा २४ भदौमा भएको आगजनी तथा लुटपाटको अनुसन्धान र दोषीलाई कारबाही

३. निर्धारित समयमै शान्तिपूर्ण निर्वाचनमार्फत सत्ताको सहज हस्तान्तरण

जेन-जी पक्षका कानुन व्यवसायीहरू अधिवक्ता ओमप्रकाश अर्याल र रमण कर्णले शुक्रबार शीतल निवास पुगेर राष्ट्रपतिका कानुनी सल्लाहकार बाबुराम कुँवरसहितसँग चरणबद्ध छलफल गरेका थिए । उनीहरूले सहमतिको मस्यौदा तयार गरेपछि निर्णायक छलफलका लागि कार्कीलाई अपराह्न करिब ४ बजे शीतल निवास बोलाइएको थियो । थप छलफलपछि करिब ७ बजे सहमति जुटेको थियो । सहमतिपछि कार्कीले मुलुकको ४२ औं प्रधानमन्त्रीका रूपमा नियुक्ति पाइन् । राष्ट्रपतिले प्रधानमन्त्री नियुक्ति गरेको पत्रमा प्रतिनिधिसभा विघटनबारे केही उल्लेख गरिएको थिएन । प्रधानमन्त्री नियुक्त भएपछि कार्कीले पहिलो निर्णयबाट प्रतिनिधिसभा विघटन र निर्वाचनको सिफारिस गरेकी थिइन् ।

'प्रतिनिधिसभा विघटनका लागि प्रधानमन्त्री कार्कीले गरेको सिफारिस राष्ट्रपतिले स्वीकृत गरेर नयाँ निर्वाचनको मिति तोकिएको छ,' राष्ट्रपतिका कानुनी सल्लाहकार बाबुराम कुँवरले भने । २०७९ को निर्वाचनपछि गठन भएको प्रतिनिधिसभा दुई वर्षभन्दा बढी कार्यकाल छँदै विघटन गरिएको हो ।

कार्कीलाई प्रधानमन्त्री बनाउन गरिएको असंवैधानिक धारा

संविधानले प्रधानन्यायाधीश भएको व्यक्तिलाई मानवअधिकार आयोगबाहेक अन्य सरकारी लाभको पदमा नियुक्ति हुन रोक लगाएको छ । अर्कातिर प्रधानमन्त्री बन्नका लागि पहिलो सर्त नै प्रतिनिधिसभा सदस्य हुनुपर्ने संवैधानिक व्यवस्था छ । यस्तो अवस्थामा कार्कीले आन्दोलनको बल एवं आवश्यकताको सिद्धान्तका आधारमा नियुक्ति पाएकी छन् ।

जेन-जी समूहले पूर्वप्रधानन्यायाधीश कार्कीलाई अन्तरिम सरकारको प्रधानमन्त्रीमा अघि सारेपछि नै कुन आधारमा नियुक्ति गर्ने भन्नेमा राष्ट्रपति कार्यालय अलमलमा परेको थियो । राष्ट्रपति पौडेलले संविधानभित्रै रहेर गैरसांसदलाई कसरी प्रधानमन्त्री नियुक्ति गर्ने भन्ने सम्बन्धमा परामर्श गरेका थिए । उनले राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहाल, सभामुख देवराज घिमिरे र संविधानविद्हरूसँग छलफल गरेका थिए । राष्ट्रपति पौडेलले प्रधानमन्त्रीबाट राजीनामा दिएका एमाले अध्यक्ष केपी शर्मा ओली, कांग्रेस सभापति शेरबहादुर देउवासँग टेलिफोनमा संवाद गरेका थिए । माओवादी अध्यक्ष पुष्पकमल दाहालसँग शीतल निवासमै छलफल गरेका थिए । उनीहरू अन्तरिम सरकार गठनका लागि मञ्जुर भए पनि प्रतिनिधिसभा कायमै राखेर जानुपर्ने *(बाँकी पृष्ठ ४ मा)*

## अझ बलियो भएर उठ्ने व्यवसायीको प्रतिबद्धता

निजी क्षेत्रका व्यवसायीले अझै बलियो भएर उठ्ने प्रतिबद्धता व्यक्त गरेका छन् । २३ र २४ भदौमा भएको जेनजी प्रदर्शनका क्रममा अर्बौंको क्षति भए पनि निजी क्षेत्रको नेतृत्व गर्ने व्यवसायीहरू भने व्यवसायीलाई आशा जगाउन लागेका छन् । निजी क्षेत्रका छाता संगठनहरु मात्रै नभएर त्यसको नेतृत्व गरिसकेका व्यवसायहरूले निजी क्षेत्रमाथि भएको बीभत्स आक्रमणबाट कति पनि विचलित र निराश नभएको बताएका छन् । उनीहरूले अझै थप रूपमा रोजगारी सिर्जना र लगानी प्रवर्द्धनमा प्रतिबद्ध रहेको बताएका छन् । नेपाल होटेल संघ हानले नेपालभर होटेल तथा पर्यटनको क्षेत्रमा मात्रै २५ अर्ब रुपैयाँको क्षति भएको बताएको छ । त्यस्तै भाटभटेनी सुपर मार्केटका संचालक मीनबहादुर गुरुङको भाटभटेनीका ११ वटा स्टोर र बालुवाटारमा रहेको गोदाम तोडफोड र भए पनि आफूहरू अझै बलियो भएको बताएका छन् ।

## फागुन २१ पछि पनि पुराना दलनै सत्तामा आउने सम्भावना कायमै

राष्ट्रपतिले संविधानको कुनै धाराको खुलासा नगरे पनि पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीलाई संविधानको धारा ६१ अनुसार गरिएको बुझ्न सकिन्छ । त्यस्तै प्रधानमन्त्री बनेकी कार्कीको एकल सिफारिसमा राष्ट्रपति पौडेलले प्रतिनिधि सभा विगठन गरीसकेका छन् । तर त्यसो गर्दा अहिलेका दलले प्रतिनिधि सभा विगठनमा मौन बसे पनि नेपालको प्रचलित कानुनले उनीहरूलाई चुनावमा जान रोकेको मानिँदैन । त्यस अवस्थामा फागुन ११ मा पनि पुराना भनिएका दलनै निर्वाचित हुने तथा कुनै पनि दलको बहुमत आउने अवस्था रहँदैन । प्रत्यक्षमा कमै सिट आए पनि नेपालको संविधान अनुसार समानुपातिक प्रणालीमा हुने निर्वाचनमा आउने सिट संख्याका कारण उनीहरू नै निर्णायक हुने हुन्छन् । जसका कारण अन्तरिम सरकार हाललाई शक्तिशाली देखिए पनि शान्तिपूर्ण निर्वाचन भएको खण्डमा पनि देशमा अस्थिरता कायमै रहन्छ । अझै विदेशी चलखेल बढेर भोली देश विखण्डनमा जाने सम्भावना उच्च रहन्छ ।

**कर्पोरेट टाइम्स साप्ताहिकका लागि**

प्रधान-सम्पादक/प्रकाशक: चेत नारायण पाण्डेय
Editor-In Chief/Publisher: Chet narayan Pandey

सम्पादक: गोविन्द देवकोटा
Editor: Govinda Devkota

सह-सम्पादक: दिपक पौडेल
Co-Editor: Dipak Poudel

व्यवस्थापक: राजन न्यौपाने
Manager: Rajan Neupane

संवाददाता: जेपी लम्साल, तृप्ती शाही, प्रविण रिजाल, प्रकाश मिश्र, डिल्ली शाही

लेआउट: कर्पोरेट टाइम्स डेस्क

मुद्रण: सप्तर्षि पब्लिकेशन प्रा. लि, चावहिल

कार्यालय: जोरपाटी, काठमाडौं ।
शाखा कार्यालय: ठमेल, काठमाडौं ।
फोन: ९७०६२४७४००
इमेल: corporatetimes0@gmail .com

**सम्पादकीय**

# कलंकको घेरामा मुलुक

*नेपाल अहिले यस्तो अवस्थामा छ जहाँ राजनीतिक नेतृत्व, सुरक्षासंस्था, संवैधानिक निकाय र युवा पुस्ता–सबै 'कलंक'को छायामा आएका छन् । पछिल्ला आन्दोलन र त्यसमा देखिएको हिंसा, आगजनी र तोडफोडका घटनाले मुलुकलाई असामान्य संकटतर्फ धकेलेको छ । राज्यका संरचनात्मक कमजोरी, नेतृत्वको असफलता र युवा पुस्ताको असन्तोष मिलेर आजको अस्थिर परिस्थितिको चित्र कोरेको छ । राजनीतिक नेतृत्वको पहिलो दायित्व नागरिकलाई सुरक्षा र आश्वासन दिनु हो । तर बालबालिकामाथि समेत गोली प्रहार गर्ने जस्तो अमानवीय घटनाले नेतृत्व नै कलंकित बनायो । सरकार नागरिकको सुरक्षामा होइन, दमनमा उभिएको देखिँदा लोकतान्त्रिक मूल्य नै प्रश्नचिह्नमा पर्छ । जनताले आफ्नो सुरक्षाकै लागि विश्वास गरेको नेतृत्व जब स्वयं नै भयको कारण बन्न पुग्छ, त्यो नेतृत्व नैतिकरूपमा पतन हुन्छ ।*

*यसैबीच संसद भवन, सिंहदरबार, सर्वोच्च अदालत र राष्ट्रपति निवास जस्ता मुलुकका संवैधानिक प्रतीकमा आगजनी हुनु आन्दोलनकारीका लागि गर्वको होइन, कलंकको कारण बन्यो । परिवर्तनको खोजीमा सडकमा उत्रिएका नयाँ पुस्ता, विशेषगरी 'न्भल श' का युवाहरू, आक्रोशित त थिए तर हिंसाको बाटो रोज्दा उनीहरूको नैतिकता कमजोर बन्यो । असन्तोष वास्तविक भए पनि त्यसलाई हिंसात्मक रूपमा प्रस्तुत गर्दा आन्दोलनको उद्देश्य मात्र होइन, भविष्यको विश्वास पनि धुमिल हुन्छ । सुरक्षासंस्थाहरूको असफलता पनि उत्तिकै गम्भीर छ । सिंहदरबार र सर्वोच्च अदालतजस्ता ऐतिहासिक र संवैधानिक भवनमा आगो लाग्दा सुरक्षाअंगहरू तमाशा मात्र बने । नेपाली सेना, प्रहरी र सशस्त्र प्रहरी सबै आफ्नो दायित्व पूरा गर्न असफल देखिए । सुरक्षाको लागि खडा गरिएका अंगहरूले आफ्नो वर्दी र जिम्मेवारी नै जोगाउन नसक्दा मुलुककै ढालमा प्वाल परेको आभास हुन्छ ।*

*राजनीतिक दल र नेताहरूको अवसरवादी चालले परिस्थिति झनै बिगार्‍यो। आन्दोलनलाई उक्साउने, जेल तोड्ने वा आन्दोलनसँग मिलेर व्यक्तिगत लाभ खोज्ने प्रवृत्तिले विश्वास घटायो । रवि लामिछानेजस्ता व्यक्तिबाट सांसद पद त्यागेर वा दलहरूले आफ्ना कार्यालय र नेतासमेत जोगाउन नसकेर आफूलाई नै कलंकित बनाए । पटक-पटक प्रधानमन्त्री बनेका नेताहरूले स्थायी संरचना र संगठनात्मक सुरक्षा बनाउन नसक्नु नेतृत्वको शून्यता मात्रै होइन, जनताप्रति बेवास्ता पनि हो । संविधानका संरक्षक पदाधिकारीहरूले समेत असंवैधानिक कदम चाल्दा लोकतन्त्रको जग नै हल्लियो । राष्ट्रपतिले विवादास्पद निर्णय गर्दा, संसद विघटनलाई वैधानिकता दिँदा र न्यायपालिकाभित्रै अविश्वास बढ्दा नागरिकले संविधानलाई नै शंका गर्न थालेका छन् । प्रक्रियागत शुद्धता र कानुनी मर्यादाप्रति बेवास्ता गर्दा राज्यको आधारभूत विश्वासमै गहिरो घाउ लागेको छ ।*

*यसबीच, लोकप्रियताको लहरमा अगाडि आएका केही स्वयंभू पात्रहरूले पनि जनआन्दोलनलाई व्यक्तिगत महत्वाकांक्षा पूरा गर्ने साधन बनाएका छन् । दुर्गा प्रसाईंले आन्दोलनलाई 'सफल' बनाएको दाबी गरे तर अन्ततः व्यक्तिगत लाभभन्दा माथि उठ्न सकेनन् । बालेन शाहजस्ता नेताले पनि सबैलाई उचालेर आन्दोलन अधुरै छाड्दा उनीहरू समेत आलोचित बने । लोकप्रियता क्षणिक हुन्छ; दीर्घकालीन विश्वास भने जिम्मेवारी र स्थायित्वमा निर्भर हुन्छ । युवापुस्ताको असन्तोषलाई हल्का रूपमा लिन सकिँदैन । बेरोजगारी, अवसरको कमी, भ्रष्टाचार र अपारदर्शिताले उनीहरूलाई सडकमा ल्याएको हो । तर हिंसाले आन्दोलनलाई कमजोर बनाएको छ। अब नेतृत्वले युवापुस्ताको क्रोधलाई अवसरमा रूपान्तरण गर्न सक्ने नीति बनाउनैपर्छ–शिक्षा, रोजगारी, उद्यमशीलता र सहभागिता मार्फत । युवालाई सडकमा होइन, नीति निर्माणमा स्थान दिन सकियो भनेमात्र दीर्घकालीन समाधान सम्भव छ ।*

*यस घडीमा मुलुकलाई सबैभन्दा बढी चाहिएको कुरा आत्मआलोचना र सहकार्य हो । नेतृत्वले सत्ता र पदभन्दा माथि उठेर जनताको विश्वासलाई पुनःस्थापित गर्नुपर्छ । सुरक्षासंस्थाले संयमित तर दृढ भएर आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ। युवापुस्तालाई दमन गरेर होइन, सहभागिता दिलाएर राष्ट्रिय विकासको बाटोमा ल्याउनुपर्छ । आज मुलुक सामूहिक 'कलंक'को छायामा छ । तर यही संकटलाई सुधारको अवसर बनाउन सकिन्छ। यदि नेतृत्व, संस्था र पुस्ताले समयमै आत्मपरिवर्तन गर्न सके भने मुलुक नयाँ यात्रातर्फ अघि बढ्न सक्छ। अन्यथा, आजको कलंक भोलिको इतिहासमा दाग मात्र होइन, राष्ट्रकै भविष्यलाई अवरुद्ध गर्ने घाउका रूपमा अंकित हुनेछ ।*


# देशको आँसु कसले पुछ्ने नेतृत्वको खाँचो ?



**रमेश कुमार बोहोरा**

देश नयाँ युगमा प्रवेश गर्ने क्रममा संक्रमणकालको उत्कर्षमा रहेको छ । आन्दोलनकारी जेनजी भावी नेतृत्व चयनको बहसमा केन्द्रित छ, नेपाली सेना जनताको सुरक्षामा खटिएको छ । तर, यो अत्यन्त तरल अवस्थामा सरकारविहीनता लम्बिनु घातक छ । अहिलेको समय भावना, आक्रोश आवेग मात्र नभई लोकतान्त्रिक पद्धतिको समेत ख्याल गर्नुपर्नेछ । आन्दोलनको बलमा जे गरे पनि हुन्छ भन्ने गलत अभ्यासले कालान्तरमा देशलाई नै घाटा हुन्छ ।

अहिले मुलुक रोइरहेको छ, नेपाल आमाको आँखाबाट बगिरहेको आँसु पुछ्ने सवाल केवल आन्दोलनको म्याण्डेट मात्र होइन, संवैधानिक, कानुनी हुँदै सामाजिक देशको ऐतिहासिक पक्षसंग पनि जोडिएको छ । छोटो समयको आन्दोलनले जे गर्यो त्यो ऐतिहासिक छ, आन्दोलनका नाममा जेजस्तो प्रहार राष्ट्रको धरोहरहरुमा भयो त्यो पनि ऐतिहासिक नै । बअब यिनको पुनःनिर्माण ठूलो प्रश्नको रूपमा खडा भएको छ । मेटिएका, जलेर खरानी भएका ऐतिहासिक दस्तावेजहरुको सवलीकरण ठूलो चुनौति बनेको छ । सेवा प्रवाह अर्को कठीन अवस्था बन्दैछ । सिंहदरबारदेखि संसद भवन, सर्वोच्च अदालतदेखि प्रहरी कार्यालयसम्म, अभिलेखालयदेखि सडक विभागसम्म, सम्पूर्ण राज्य संयन्त्र खरानीमा परिणत हुनु केवल भौतिक क्षति होइन लोकतान्त्रिक मूल्य र प्रणालीलाई नै गम्भीर क्षति पुग्नु हो ।



देशको इतिहास जलेर खरानी भयो, भूगोल र सीमासम्बन्धी कागजात हराए, कैयौँ अपराधी जेलबाट मुक्त भए । यस्तो परिस्थितिमा मुलुकले कुन बाटो रोज्ने भन्ने प्रश्नले सबैलाई सताएको छ र यी प्रश्नहरुको उत्तर निकाल्दै आन्दोलनकारीहरुको भावना बुझ्ने र देशलाई सहज गति दिने नेतृत्व अहिले चाहिएको छ ।

जेनजी पुस्ताले सुरु गरेको आन्दोलन सुरुवातीमा शान्तिपूर्ण मागको रूपमा सुरु भए पनि हिंस्रक रुप लिँदै जानु यस पुस्ताको असंगठित नेतृत्वको परिणाम पनि हो । जसले गर्दा राष्ट्रपति र प्रधानसेनापतिले वार्ताका लागि आह्वान गरे पनि प्रतिनिधि चयन हुन सकेन । देशको अन्तरिम नेतृत्व गर्ने पात्रको चयन झन धेरै परको विषय बन्दा यसले थप अन्योल सिर्जना गरेको छ ।

हुन त जेनी आन्दोलनन सत्ता ढाल्ने योजनाबाट भएकै थिएन । उनीहरु आफ्ना आवाज सडकमार्फत सरकारसम्म पुर्याउन मात्र चाहन्थे । त, परिस्थिति यस्तरी उल्टियो कि सरकारले आफ्नै खुट्टामा बञ्चरो हान्यो । देश सरकारविहीन भयो, दलका नेताहरुको अस्तित्व मेटिन पुग्यो । अहिलेको परिस्थितिमा लोकतान्त्रिक निकास के हो भन्ने सवाल अझै खुला छ । आन्दोलनले नयाँ मोड लिएपछि जेनजी पुस्ताले संसद विघटनदेखि अन्तरिम नागरिक सरकारको अवधारणा अघि सारेका छन् ।

यसका लागि पनि संविधान बमोजिम नै प्रक्रिया अघि बढाउनुपर्दछ । संविधानविद्हरूले संसद् कायम भएको अवस्थामा संसदभित्रकै बाटो खोज्नुपर्ने सुझाव दिएका छन् । तर आन्दोलनले संसदप्रतिको अविश्वास प्रकट गरिरहेको छ । यहीँबाट अर्को संकट सुरु भएको छ । राष्ट्रपतिद्वारा संसद विघटनको घोषणा, नयाँ निर्वाचनको आव्हानसहित अन्तरिम मन्त्रिपरिषद् गठनको आव्हान गर्नुपर्दछ ।

तयारी यसैको छ, तर प्रश्न कसको नेतृत्वमा सरकार ? सबैले रुचाएको को हो ? शतप्रतिशत कोही पनि छैन, जनताको भावना बुझ्ने, युवा पुस्तालाई समेट्नसक्ने, र राजनीतिक कूटनीतिक क्षमता भएका व्यक्ति अहिलेको खोजी हो । अहिले असंगठित युवाहरुको आन्दोलनले मुलुकलाई नयाँ युगमा प्रवेश गयो, तर गम्भीर राजनीतिक संकट पनि निम्तियो । विगतका आन्दोलनहरु संगठित थिए र सत्ता ढल्नासाथ अर्को सत्ता बन्यो । तर, अहिलेका अवस्था फरक छ । यो अवस्थालाई अरु लम्बिन दिनु भनेको मुलुकको अस्तित्वमाथि नै प्रश्न उठ्नु हो । अन्तर्राष्ट्रिय दृष्टान्त पनि यसमा सान्दर्भिक छन् ।

अरब वसन्तले ट्यूनिसियामा परिवर्तन ल्यायो तर इजिप्ट र लिबियामा नेतृत्वविहीन आन्दोलन अराजकता र अस्थिरतामा परिणत भयो नेपालको अहिलेको अवस्था त्यही खतरातर्फ धकेलिएको छ । सबैपक्ष गम्भीर हुनु आवश्यक छ । आवेग र आक्रोशले मात्र देश बन्दैन । यसर्थ व्यापक परामर्श आवश्यक छ । संविधानविद्हरूले मध्यमार्गी निकास सुझाएका छन् । संसद विघटनको माग आधिकारिक रूपमा जेनजी पुस्ताले उठाएका छैनन् बरु मेयर बालेन्द्र शाहले सार्वजनिक रूपमा बोलेका हुन् । संसद विघटन सहज प्रक्रिया होइन ।

यो केवल उद्देश्यपूर्ण अवस्थामा मात्र सम्भव हुन्छ र त्यसका लागि राष्ट्रपति, आन्दोलनकारी नेतृत्व र नेपाली सेनाबीच सहमति आवश्यक हुन्छ । सेनाबिना कुनै पनि राजनीतिक निर्णय दीर्घकालीन रूपमा टिक्न सक्दैन भन्ने तथ्य इतिहासले प्रमाणित गरिसकेको छ । अहिलेको प्रमुख बहस 'राष्ट्रिय सरकार' वा ' अन्तरिम नागरिक सरकार' भन्ने छ । संविधानअनुसार संसदभित्रका सदस्यले सरकार बनाउन सक्छन् । तर आन्दोलनले त्यसलाई मान्यता दिने सम्भावनै छैन र त्यो दिशामा जाने पनि होइनन ।

यस्तो अवस्थामा सबै पक्षलाई समेट्ने, प्रतिनिधित्व हुने, समावेशी र सर्वस्वीकार्य सरकार नै निकास बन्नसक्ने देखिन्छ । यस्तो सरकारले आन्दोलनकारी युवाहरूलाई पनि प्रतिनिधित्व दिलाउनुपर्छ जसले आन्दोलनलाई वैधता दिनेछ । अन्तरिम सरकार छोटो अवधिको समाधान हो । यसले तत्कालीन माग सम्बोधन गरेर निकास दिन सक्छ र ६ महिनाभित्र चुनाव गराएर नयाँ जनादेशअनुसार स्थायी सरकार गठन गर्न सकिन्छ ।

यस्तो सरकार बनाउन राष्ट्रपति र सेनाको सक्रियता जारी छ । राजनीतिक दलहरुले पनि जेनजीकै माग र चाहना अनुसार होस् भनिसकेकाले यो सहज छ तर, नेतृत्व कसको ? त्यो नेतृत्वले देशको जटिल अवस्थालाई हाँक्न सक्छ कि सक्दैन ? यो गम्भीर प्रश्न कायम छ ।

जेनजी पुस्ताले आन्दोलन हिंस्रक नभएको, बाह्य घुसपैठ र आपराधिक समूहको संलग्नताले हिंसा भएको दाबी गरेका छन् । उनीहरूले भएको धनजनको क्षतिबारे निष्पक्ष छानबिन माग गरेका छन् । तर, माग कोसमक्ष ? देशमा सरकार छैन । यसका लागि द्रुत पहल आवश्यक छ । आवेग होइन, संविधान टेकेर अघि बढ्नैपर्छ । अन्यथा आन्दोलनको विश्वास र वैधता गुम्नेछ ।

अन्तर्राष्ट्रिय दृष्टान्तले देखाउँछ सर्बिया, ट्युनिसिया, दक्षिण अफ्रिकामा नागरिक आन्दोलनले राष्ट्रिय सरकार वा संक्रमणकालीन सरकारमार्फत निकास दिएको थियो । तर लिबिया र सिरियामा नेतृत्वविहीन आन्दोलन अराजकता, गृहयुद्ध र विदेशी हस्तक्षेपमा परिणत भयो । नेपाल कुन बाटो जान्छ भन्ने आजको निर्णयमा भर पर्छ । आज पत्रकारिता, नागरिक समाज र बुद्धिजीवीहरूको भूमिका महत्वपूर्ण छ । उनीहरूले केवल आलोचना मात्र होइन निकासका व्यावहारिक सुझाव दिनुपर्छ । नागरिकले संयमता र जिम्मेवारीका साथ सहभागिता जनाउनुपर्छ ।

आन्दोलनकारीले संगठनात्मक क्षमता बढाउँदै वैकल्पिक नेतृत्व निर्माण गर्नुपर्छ । राजनीतिक दलहरूले राष्ट्रहितलाई प्राथमिकता दिनुपर्छ । सेना र राष्ट्रपतिले स्थायित्व कायम गर्न संवैधानिक सीमाभित्र रहनुपर्छ । देश अहिले गम्भीर मोडमा छ । एउटा बाटो अराजकता, विघटन र दीर्घकालीन अस्थिरतामा लैजाने छ भने अर्को बाटो संवाद, सहमति र संस्थागत स्थायित्वतर्फ लैजानेछ । कुन बाटो रोज्ने भन्ने निर्णय आजको नेतृत्व र नयाँ पुस्ताले गर्नुपर्नेछ । यदि असफल भयौं भने केवल संरचना मात्र होइन, सम्पूर्ण राष्ट्र अस्तित्वमै संकटमा पर्छ ।

देशको आँसु पुछ्ने काम केवल भावनाले सम्भव हुँदैन । यो काम गर्न दूरदृष्टि, जिम्मेवारी र साहस चाहिन्छ । त्यो जिम्मेवारी अब सबैले बाँड्नुपर्छ पुराना दल, नयाँ पुस्ता, सेना, राष्ट्रपति, नागरिक समाज र आम जनता सबैले । साझा जिम्मेवारी मात्र यो संकटलाई निकास दिन सक्छ । अन्यथा देशको आँसु अझै लामो समयसम्म बगिरहनेछ ।

(बोहोरा पत्रकार महासंघ काठमाडौंका सचिव हुन्। )

# बैंकिङदेखि अटोमोबाइल्स र होटल व्यवसायमा पनि ठूलो क्षति

दिपक पौडेल/ काठमाडौं


गत मंगलबारदेखि सुरु जेन-जी आन्दोलनका क्रममा मुलुकभर निजी लगानीका धेरै आवास, उद्योग, व्यवसाय, संघसंस्थालगायतमा तोडफोड तथा आगजनी भए। उद्योगीका निजी आवासदेखि व्यावसायिक संघसंस्थाका भौतिक संरचनामा पनि ठूलो क्षति पुग्यो। देशका विभिन्न स्थानमा रहेका व्यावसायिक प्रतिष्ठानमा केकस्तो क्षति पुगेको छ, यहाँ चर्चा गरिएको छ। यही बिहीबारसम्म प्राप्त तथ्यांकअनुसार सञ्चालनमा रहेका २० वाणिज्य बैंकका २५ शाखा कार्यालय र ४१ एक्सटेन्सन काउन्टरमा तोडफोड तथा आगजनी भएको नेपाल बैंकर्स संघका प्रमुख कार्यकारी अधिकृत अनिल शर्माले जानकारी दिए।

सरकारी कार्यालय मालपोत, यातायात, राजस्व कार्यालयलगायत स्थानमा रहेका बैंकका शाखा तथा एक्सटेन्सन काउन्टरमा बढी क्षति पुगेको बताउँदै शर्माले सरकारी तथा निजी संस्थामा आगजनी तथा तोडफोड हुँदा तिनका छेउमा रहेका बैंकका शाखा, काउन्टर र एटीएम बुथमा पनि क्षति पुगेको उल्लेख गरे। साथै, वाणिज्य बैंकहरूका ४६ एटीएम बुथमा तोडफोड तथा आगजनी गरिए पनि मानवीय क्षति, नगद चोरी तथा लुटपाटका घटना हुनबाट भने जोगिएको छ।

बिहीबारदेखि नै बैंक तथा वित्तीय संस्थाका सीमित शाखामार्फत सेवा दिइरहेका छन्। कर्फ्यूका कारण आवतजावतमा समस्या भएकाले अत्यावश्यकबाहेक ग्राहक नआएको बैंक कर्मचारी बताउँछन्। राष्ट्र बैंकले पनि बैंक तथा वित्तीय संस्थालाई वित्तीय सेवा निरन्तर राख्न र आफ्नो बैंकका शाखाबाट भइरहेका वित्तीय सेवा सुविधाका बारेमा जानकारी दिने गरी बैंकको वेबसाइटमा राख्न निर्देशन दिएको छ।

आन्दोलनका कारण धेरै बैंकका एटीएम सेवा पनि बन्द भएपनि बिहीबारदेखि अधिकांश








बैंकका एटीएम खुला रहेको नेपाल बैंकर्स संघले जनाएको छ। उपत्यकाबाहिर पनि स्थानीय प्रशासन र सुरक्षा निकायसँग समन्वयन गरेर मात्र सुरक्षित रूपमा सेवा दिने भनिएको बैंकर्स संघले जनाएको छ। विद्युतीय भुक्तानी डिजिटल बैंकिङ सेवामा भने कुनै समस्या नरहेको संघको भनाइ छ। आन्दोलनका क्रममा धेरै बिमा क्षेत्रसँग सम्बन्धित भौतिक संरचनामा क्षति पुगे पनि त्यसको यकिन विवरण अझै आइसकेको भने छैन। शुक्रबारसम्म बिमा कम्पनी नखुलेका कारण क्षति भएका सम्पत्तिका पनि के कतिको बिमा गरिएको छ, यकिन हुन सकेको छैन। उत्पन्न असहज परिस्थितिका कारण बिमितको धनसम्पत्तिमा हुन गएको क्षति र असहजतालाई दृष्टिगत गर्दै त्यसबाट पर्न सक्ने दाबीलाई यथासम्भव छिटो र सहज ढंगले फछ्र्योट गर्न प्राधिकरणले निर्देशन दिइसकेको छ।

आगनजनीले ध्वस्त सिंहदरबार, सर्वोच्च अदालतलगायत कुनै पनि सरकारी कार्यालयको बिमा नगरिएकाले पूर्वाधारमा क्षति ठूलो भए पनि निकै कम सम्पत्तिका मात्र बिमा गरिएको बिमक संघका अध्यक्ष चंकी क्षेत्रीले बताए। त्यसैगरी, करिब आधा दर्जनभन्दा बढी शैक्षिक संस्थाहरूमा पनि आगजनी तथा तोडफोड गरिएको छ। आगजनी तथा तोडफोडका कारण खुमलटार र बाँसबारीस्थित युलेन्स स्कुल, पुरानो बानेश्वरस्थित ग्लोबल कजेल अफ म्यानेजमेन्ट, कालोपुलस्थित जेभियर इन्टर नेसनल, कुपन्डोलस्थित नाइटिङ्गेललगायत शैक्षिक संस्थामा क्षति पुगेपनि यकिन विवरण प्राप्त भइसकेको छैन।

काठमाडौं उपत्यकासँगै देशका मुख्य सहरमा रहेका भाटभटेनी सुपरमार्केटका १२ स्टोरसहितको भवनमा आगजनी तथा लुटपाट र तोडफोड गरिएको छ। टंगाल, महाराजगन्ज, बौद्ध, कोटेश्वर, बालुवाटार गोदामसहित पोखरा, चितवन, हेटौंडा, बिर्तामोड, दमक, विराटनगर र धरानका गरी १२ शाखा भवन पूर्ण रूपमा ध्वस्त बनाइएका छन् भने कलंकी, ठिमी, बालाजु, जनकपुर, बुटवल, वीरगन्ज, धनगढी, इटहरी र बालाजु स्टोरमा तोडफोड र लुटपाट भएको छ। भाटभटेनी व्यवस्थापनले क्षतिको विस्तृत विवरण संकलन गरिरहेको बताएको छ। भाटभटेनीका करिब १० हजार कर्मचारीमध्ये तोडफोड तथा आगजनीमा परेका शाखामा मात्र करिब ५ हजार कर्मचारी कार्यरत थिए।

अटोमोबाइल बजारमा पनि अर्बौं रुपैयाँ बराबरको क्षति पुगेको प्रारम्भिक अनुमान छ। नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा) को अनौपचारिक जानकारी अनुसार कम्तीमा १३ वटा मोटर ब्रान्डका डिलर तथा सोरुममा तोडफोड गरिएको छ भने बिक्रीका लागि राखिएका दर्जनौं गाडीमा आगजनी गरिएको छ।

शुक्रबारदेखि विभिन्न सोरुम र गाडीमा भएको क्षतिको विवरण संकलन सुरु गरिएको नाडाका महासचिव सुरेन्द्र उप्रेतीले बताए। प्रारम्भिक तथ्यांकअनुसार, सीजीको थापाथली र ढुंगेअड्डास्थित सोरुम तथा त्यहाँ रहेका गाडी सम्पूर्ण रूपमा आगजनीबाट नष्ट भएका छन्। सिप्रदी र लक्ष्मी हुन्डाईका शोरुममा समेत आगजनी र गाडीमा क्षति पुगेको छ।

त्यसैगरी महिन्द्रा, सुजुकी, केवाईसी, जीओन र लिप मोटर आदि ब्रान्डका गाडीमा पनि क्षति पुऱ्याइएको छ। सीजी होल्डिङ्सको थापाथली र सतुंगलका गाडी सोरुम पनि जलाइएको छ। आर्थिक क्षतिको संकलन भइरहेको चौधरी ग्रुपले जनाएको छ।

पोखराका अटो व्यवसाय पनि आन्दोलनले प्रभावित भएका छन्। नेपाल अटोमोबाइल इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) ले निषेधाज्ञा र कर्फ्युका कारण क्षतिको विवण संकलन गर्न कठिनाइ पुगेको बताएको छ। काठमाडौंसहित देशभरका होटल व्यवसायमा पनि ठूलो क्षति पुगेको छ।

काठमाडौंको हिल्टन, वर्णवास, ह्यात र चन्द्रागिरि रिसोर्टको बेस स्टेसनमा आगलागी तथा तोडफोडका कारण बढी क्षति पुगेको छ। शंकर ग्रुपले केही महिनाअघि मात्र ८ अर्बको लगानीमा सञ्चालनमा ल्याएको हिल्टन होटलमा नौ वटा बैंकले कम्तीमा ५ अर्ब रुपैयाँ बराबरको वित्तीय लगानी गरेका थिए। आगजनीपछि होटलले सञ्चालन तत्काल रोकेको छ। त्यसैगरी, पोखराको वर पिपल, बगैंचा, सरोवरलगायत होटलमा प्रदर्शनकारीले गरेको तोडफोड तथा आगजनीले क्षति पुगेको छ।

# व्यवसायीले देखाए उच्च मनोबल, भन्छन् अझ बलियो भएर उठ्नेछौं

काठमाडौं। २३ र २४ भदौमा भएको जेनजी प्रदर्शनका क्रममा अर्बौंको क्षति भएपनि निजी क्षेत्रको नेतृत्व गर्ने व्यवसायीहरु भने व्यवसायीलाई आशा जगाउन लागेका छन्। निजी क्षेत्रका छाता संगठनहरु मात्रै नभएर त्यसको नेतृत्व गरिसकेका व्यवसायहरुले निजी क्षेत्रमाथि भएको विभत्स आक्रमणबाट कति पनि विचलित र निराश नभएको बताएका छन्। उनीहरुले अझै थप रुपमा रोजगारी सिर्जना र लगानी प्रवर्द्धनमा प्रतिवद्ध रहेको बताएका छन्। नेपाल होटल संघ हानले नेपालभर होटल तथा पर्यटनको क्षेत्रमाा मात्रै २५ अर्ब रुपैयाँको क्षति भएको बताएको छ। त्यस्तै व्यवसायी मिनबहादुर गुरुङको भाटभटेनी सुपरमार्केट ११ वटा स्टोर र बालुवाटारमा रहेको गोदाम तोडफोड र र लुटपाटपछि भएको आगाजनीबाट पुर्णरुपमा क्षति भएकोछ। अन्य ९ वटा स्टोरमा पनि तोडफोड र लुटपाट भएको छ।

यस्तै नेपालका एकमात्रै डलर अर्बपति बिनोद चौधरीको पनि थापाथलीमा रहेको अटो स्वरुम र सतुङगलमा रहेको सिजी इलेक्ट्रोनिक्सका साथै रभिभवनमा रहेको निवास समेत प्रदर्शनकारीले लुटपाट र तोडफोडपछि आगजनी गरी पुर्ण रुपमा क्षति पुर्याएका छन्। यस्तै सिप्रटी ट्रेडिङ लगायत थापाथलीमा रहेका करिब आधा दर्जन अटो स्वरुपममा प्रदर्शकारीले तोडफोड र आगमजी गरेका हुन्। व्यवसायी शेखर गोल्छाको निवासमा तोडफोड भएको छ भने चन्द्र ढकालको नेतृत्वमा निमार्ण भएको चन्द्रगीरी केवलकार र गैंडाकोटको मौलाकालिका केवलकारको बटम स्टेसनमा पनि तोडफोड र आगजनी भएको छ। यस्तै नक्सालमा रहेको शंकर ग्रपको ५ तारे अन्तराष्ट्रिय चेन होटल हिल्टन, यस्तै सांसद समेत रहेका अर्का व्यवसायी राजेन्द्र बजगाईको वर्णवास होटेल, पोखरामा नाडा अटोमोबाइल डिलर्स एसोसिएनका निवर्तमान अध्यक्ष ध्रुव थापाको अटो स्वरुम रहेको घर प्रर्दशनकारीले जलाएका छन्।

यी व्यवसायिमाथि भएका आक्रमणका केही प्रतिनिधि उदाहरण मात्रै हुन्। देशभर निजी क्षेत्रका लगानी रहेको व्यवसायिक सम्पत्तीमाथि आक्रमण हुँदा ठुलो क्षति भोग्नु परेको छ। व्यवसायीले बिमा गरेकोले बिमा दाबी वापत केही राहत त पाउनेछन्। तर, त्यो व्यवसाय खडा गी सुरु गर्न ठुलो लगानी लाग्नेछ। जुन बिमा दाबीले मात्रै पुग्ने अवस्था रहँदैन। यो क्षति व्यवसायिको मात्रै नभई सर्वसाधारण नागरिकले बैंकमा रखेको निक्षेपबाट ती व्यवसायमा लगानी भएको छ। निजी क्षेत्रको लगानी र मनोबलमा मात्तै प्रहार भएको छैन। बैंकहरुले गरेको लगानी समेत जोखिममा परेको छ।

यति ठुलो क्षति ब्यहोर्दा पनि व्यवसायीहरु भने यसबाट विचलित नभई निजी क्षेत्रको आत्मविस्वास र मनाबल बढाउने लागेका छन्। निजी क्षेत्रको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघले बुधबार महासंघको कार्यकारिणी समिति र पूर्वअध्यक्षहरूसँगको बैठकपछि विज्ञप्ती जारी गर्दै विकसित घटनाक्रम विवेकपूर्ण अवतरण भई मुलुक समुन्नतिको यात्रामा अघिबढ्ने अपेक्षा गरेको बताएका छ। 'महासंघले शुसासन, भ्रष्टाचार नियन्त्रण, वाक स्वतन्त्रता, मर्यादित रोजगारी, स्वरोजगारी र राजस्वको सदुपयोग जस्ता विषयप्रति युवा पुस्ताले देखाएको चासो प्रति सम्मान व्यक्त गर्दै विकसित घटनाक्रम विवेकपूर्ण अवतरण भई मुलुक समुन्नतिको यात्रामा अघि बढ्ने अपेक्षा गरेको छ' विज्ञप्तीमा भनिएको छ।

महासंघका अनुसार पछिल्लो आन्दोलनका कारण धेरै उद्योगी व्यवसायीका कार्यालय, प्रतिष्ठान र निवासमा आक्रमण तथा आगजनी भएका छन्। व्यक्तिगत तथा व्यावसायिक सम्पत्तिमाथि आक्रमणको भर्तसना गर्दै महासंघले आगामी दिनमा यस्तो घटना नदोहोरिने सुनिश्चितताका लागि सरकार र सरोकारवालाको ध्यानाकर्षण गराएको छ। महासंघले अर्बौं रुपैयाँ बराबरको क्षतिले राजस्व र कुल गार्हस्थ्य उत्पादनमै गम्भीर असर पार्ने प्रारम्भिक अनुमान समेत गरेको छ। तर, पछिल्लो घटनाक्रमको विवेकपुर्ण अवतरणपछि मुलुक समुन्नतीको यातामा अघि बढ्नेमा विवास व्यक्त गरेका छन्। उनिहरुले लगानीको वातावरण सुरक्षित हुनो विश्वस्त देखिएका छन्। नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष समेत रहेका व्यवसायी शेखर गोल्छाले अझै शशक्त रुपमा रोजगारी सिर्जना गर्न र लगानी गर्न प्रतिवद्ध रहेको बताएका छन्। 'देशमा सकारात्मक परिवर्तन सहित नयाँ पुस्ताले देखेको नयाँ नेपालको सपना पुरा होस्। केहि व्यवसायी माथि भएको विभत्स आक्रमणबाट हाम्रो परिवार पनि प्रभावित भयो तर म र मेरो परिवार निरास वा विचलित भएको छैन,' गोल्छाले सामाजिक सञ्जालमा लेखेका छन्, 'आजको सुनौलो विहानीसँगै देश सकारात्मक दिशातर्फ अघि बढोस्, लोकतन्त्र अझै सुदृढ होस् भन्ने कामना सहित हामी पनि अझै सशक्त रूपमा रोजगारी सिर्जना गर्न र लगानी गर्न प्रतिवद्ध रहेको विश्वास दिलाउन चाहन्छु।'

उनले अन्धकार पछिको उज्यालोले हामी सबै नेपालीलाई सद्भाव र एकता कायम गर्न अझै बल मिलोस् भन्ने कामना पनि व्यक्त गरेका छन्।

यस्तै चौधरी ग्रुपका प्रबन्ध निर्देशक तथा नेपाल उद्योग परिसंघका उपाध्यक्ष निर्वाण चौधरीले पनि पुनः निर्माण गर्ने, पुनः उठ्ने र पहिलेभन्दा अझै सबल भएर अघि बढ्ने घोषणा गरेका छन्। 'हो, हामी घाइते छौं। हामी हल्लिएका छौं। तर हामी भाँचिएका छैनौं। ती अराजकहरूले हाम्रो भवन जलाउन सक्छन्, तर उनीहरूले हाम्रो सपना जलाउन सक्दैनन्। उनीहरूले हाम्रो सोरुम लुट्न सक्छन् तर हाम्रो मूल्यहरू लुट्न सक्दैनन्। उनीहरूले हामीलाई कमजोर पार्ने प्रयास गर्न सक्छन्, तर उनीहरूले हाम्रो परिवारको एकतालाई तोड्न सक्दैनन्,' निवार्ण चौधरीले सामाजिक सञ्जाल फेसबुकमा लेखका छन्।

उनेले चौधरी समूह नेपालको सबैभन्दा ठूलो करदाता, सबैभन्दा ठूलो रोजगारी दिने समूहमध्ये एक हो र राष्ट्र निर्माता हो भन्ने कुरा याद गर्नुपर्ने उल्लेख गरेका छन्। 'प्रत्येक संकटमा जनताको अग्रमोर्चामा उभिएका छौं चाहे भूकम्प होस्, बाढी होस् वा महामारी। त्यो मिशन सकिएको छैन। त्यो जिम्मेवारी कमजोर भएको छैन। त्यो उद्देश्य हराएको छैन,' चौधरीले भनेका छन्, 'हामी पुनः निर्माण गर्नेछौं। हामी पुनः उठ्नेछौं र हामी पहिलेभन्दा अझै सबल भएर अघि बढ्नेछौं। यो त्रासदीबाट पुनर्जागरण हुनेछ। नयाँ शक्ति, नयाँ विचार, नयाँ प्रणाली र नेपालको जनताप्रतिको अझ गहिरो प्रतिबद्धता व्यक्त गर्दछौं।'

उनले इतिहासले डढाइदिने आगोलाई नभई केबल कसरी त्यस आगोबाट बाहिरियौं, अझ बलिया, अझ गर्विलो र अझ एकताबद्ध भयौं भनेर सम्झने भन्दै कर्मचारीको हौसला बढाउने प्रयास गरेका छन्। भाटभटेनीका सञ्चालक मिनबहादुर गुरुङ पनि क्षित भएको भाटभटेनी को स्टोहरुको अबलोकन र सरसफाइमा आफैं निस्किएका छन्। उनले भाटभटीने फेर उठ्ने र सेवा सुरु गर्ने भन्दै आफु कति पनि विचलिन नभएको बताएका छन्। भाटभटेनीको अफिसियले फसेबुक पेजबाट समेत शुक्रबार एक सन्देश जारी गर्दै भाटभटेनीको उठ्न संकल्प अझै बतुत बनेको उल्लेख गरेका छ।

'विनाशले हाम्रो परिवारलाई ठूलो आघात पुऱ्याएको छ तर हाम्रो उठ्ने संकल्प अझ मजबुत बनेको छ। तिमीहरूको हरेक शब्द, हरेक सहयोगी हातले हामीलाई अगाडि बढ्ने ऊर्जा दिएको छ।' भाटभटेनीले सामाजिक सञ्जालमा लेखेको छ, 'भाटभटेनी पुनः उभिनेछ, र तिमीहरूको साथमा हामी भविष्यलाई अझ उज्यालो बनाउनेछौं, आज पसल ध्वस्त भए पनि आशा हराएको छैन, तपाईँहरुको साथले हामी अझ मजबुत महसुस गरिरहेका छौं।' लुटपाट, तोडफोड र आगजनीबाट भाटभाटेनीलाई अर्बौंको क्षति पुगेको छ। हजारौंले रोजगारी गुमाएका छन्। तर, भाटभाटेनीले ग्राहक र शुभेच्छुकहरूप्रति आभार व्यक्त गर्दै भविष्यलाई अझ उज्ज्वल बनाउन प्रतिबद्धता जनाएको छ। ग्राहक र शुभेच्छुकहरूको समर्थन नै आफ्ना लागि ठूलो शक्ति बनेको उल्लेख गरेको छ।

नाडा अटोमोबाइल डिलर्स एसोसिएसनका अध्यक्ष करण चौधरीले राष्ट्रको सेवामा समर्पित हुँदै पुननिमार्णम लाग्ने बताएका छन्। करणको थापाथलीमा रहेका सुजुकी मोर्टको स्वरुपममा ताडफोड र आगजनी समेत भएको थियो। तरउनि देशबाट विचलिन नभई पुन निमार्णम लाग्ने र थप बलियो बनाउने उद्धोष गरेका छन्। 'यो हाम्रो क्षण हो, नेपाललाई नयाँ उचाइमा पु-याउने अवसर हो। आउनुहोस्, हामी सबैले वाचा गरौं, सचेत नागरिक बन्ने, अनुशासनलाई आफ्नो धर्म ठान्ने, र मातृभूमिको सेवामा आफ्नो सम्पूर्ण शक्ति अर्पण गर्ने,' उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'हिमाल सार्न जरुरी छैन, तर हरेक दिन, हरेक काममा आफ्नो प्राणको पसिना हालेर १०० प्रतिशत दिने हाम्रो दायित्व हो।'

उनले एउटा प्रतिज्ञा लिँदै भनेका छन्, 'म यो भूमिको माटोसँग शपथ लिन्छु, मेरो हृदयको हरेक धड्कन, मेरो रगतको हरेक थोपा, यस राष्ट्रको सेवामा समर्पित हुनेछ। म पुनः निर्माण गर्नेछु, बलियो बनाउनेछु, र नेपाललाई अघि बढाउनेछु।' उनले यो देशले नै सबैथोक दिएको भन्दै छ। अब देशलाई दिने पाले आफुहरुको भएको बताएका छन्। 'हामी सबै मिलेर नेपाललाई केवल महान् मात्र होइन, विश्वकै अगाडि झन् उज्यालो र गौरवशाली बनाउनेछौं। यही मेरो आत्माको गहिरो प्रतिज्ञा हो, यही मेरो अमर वाचा हो।'

# खरानीको ध्वाँसमा...

पक्षमा थिए । जेन-जी समूहका प्रतिनिधिसभा विघटनको सर्तबाट टसमस भएनन् ।

संविधानविद्हरूले संविधान संरक्षकको हैसियतमा राष्ट्रपतिले संसद्बाहिरको व्यक्तिलाई प्रधानमन्त्री नियुक्ति दिएर मार्गप्रशस्त गर्न सकिने राय दिएका थिए । राष्ट्रपति कार्यालयका अनुसार कार्कीलाई 'संविधानबमोजिम राष्ट्रपतिको अन्तरनिहित संवैधानिक अधिकार प्रयोग गरी संविधानको पालना र संरक्षण एवं राष्ट्रिय एकताको प्रवर्द्धन गर्न आवश्यक भएकाले' प्रधानमन्त्रीमा नियुक्ति गरिएको हो ।

नियुक्तिमा संविधानको धारा भने उल्लेख गरिएको छैन । 'राष्ट्रपतिले धारा ६१ (३) लाई आधार बनाउँदै ६१ (४) मा टेकेर नयाँ प्रधानमन्त्री नियुक्ति गर्नुभएको हो,' राष्ट्रपतिसँग छलफलमा रहेका अधिवक्ता ओमप्रकाश अर्यालले भने । संविधानको धारा ६१ (३) मा 'राष्ट्रपतिले नेपालको राष्ट्रिय एकताको प्रवर्द्धन गर्नेछ' र धारा ६१ (४) मा 'संविधानको पालना र संरक्षण गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ' भनिएको छ । राष्ट्रपतिले कार्कीको नियुक्तिलाई जेन-जी आन्दोलनले सिर्जना गरेको विषम तथा असाधारण परिस्थितिको धरातल भनी उल्लेख गरेका छन् । जेन-जी आन्दोलन र अन्य राजनीतिक दल तथा सरोकारवालासँगको परामर्शका आधारमा प्रधानमन्त्री नियुक्त गरिएको पनि जनाइएको छ ।

**कहिले हुन्छ मन्त्रिपरिषद् विस्तार ?**

कार्कीसँगै शुक्रबार दिनभर छलफलमा रहेका सर्वोच्च बारका अधिवक्ता रमण कर्णका अनुसार मन्त्रिपरिषद् विस्तारमा एक-दुई दिन लाग्न सक्ने देखिएको छ । 'सोमबारसम्म मन्त्रिपरिषद्ले पूर्णता पाउन सक्छ,' उनले भने । कर्णका अनुसार शुक्रबार शीतल निवासमा अन्य विषयमा बढी छलफल गर्नुपरेकाले मन्त्रिपरिषद्बारे छलफल हुनै पाएन । कसरी मन्त्रिपरिषद् विस्तार गर्ने भन्ने अधिकार प्रधानमन्त्रीलाई नै रहेको पनि उनले बताए ।

प्रधानमन्त्री कार्कीनिकट स्रोतका अनुसार हालसम्म मन्त्रीहरूको कुनै नाम तय भएको छैन । प्रधानमन्त्री कार्की आफूलाई काम गर्न सहज हुने व्यक्ति छनोट गर्ने मनस्थितिमा छिन् । आन्दोलनको भावनालाई सम्बोधन गर्ने गरी नै मन्त्रिपरिषद् विस्तार हुने प्रधानमन्त्री निकटहरूको दाबी छ । कति सदस्यीय मन्त्रिपरिषद् बनाउने भन्ने पनि निश्चित भएको छैन । 'मन्त्रीका विषयमा हालसम्म कुनै पनि नाममा छलफल र सहमति भएको छैन । यसको अधिकार प्रधानमन्त्रीमै निहित छ,' कार्कीनिकट स्रोतले भन्यो, 'विवादरहित व्यक्तिहरू छानिन्छन् ।'

**कार्कीका चुनौती**

कार्की प्रतिनिधिसभाको निर्वाचन गराउने जिम्मेवारी लिएर मात्र प्रधानमन्त्री नियुक्त भएकी होइनन् । उनले भ्रष्टाचारको छानबिन गर्छिन् भन्ने आम नागरिकको अपेक्षा छ । जेन-जीले आन्दोलनका क्रममा अघि सारेको मूल मुद्दा नै भ्रष्टाचार सम्बन्धी थियो । जेन-जी आन्दोलनका क्रममा भएका घटनाको छानबिन र दोषीमाथि कारबाही गरेर दण्डहीनता अन्त्यको सन्देश प्रवाह गर्नुपर्ने दायित्व पनि नवनियुक्त प्रधानमन्त्रीमाथि छ । जेन-जीको आन्दोलनमा घुसपैठ गरेर मच्चाइएको तोडफोड र विध्वंसको सत्यतथ्य छानबिन हुने विश्वास नागरिक समुदायले गरिरहेको छ । खासगरी मंगलबारको प्रदर्शनका क्रममा क्षति गरिएको सार्वजनिक संरचनाको पुनर्निर्माणको थालनी गर्नुपर्ने जिम्मेवारी पनि कार्कीकै काँधमा छ ।

अर्कातिर कार्कीको नियुक्तिलाई प्रमुख दलहरूले सहज रूपमा स्वीकार गरेको देखिँदैन । शपथग्रहणमा बाबुराम भट्टराईबाहेक अन्य पूर्वप्रधानमन्त्री उपस्थित नहुनुले पनि कार्कीले आगामी दिनमा मौजुदा राजनीतिक दलहरूबाट ठूलो चुनौती खेप्नुपर्ने अनुमान सहजै गर्न सकिन्छ । वरिष्ठ अधिवक्ता एवं संविधानविद् भीमार्जुन आचार्य अहिलेको विषम परिस्थितिबाट पार लगाउनुपर्ने बाध्यता र चुनौतीमा नवनियुक्त प्रधानमन्त्री रहेको बताउँछन् । उनी भन्छन्, 'जेन-जीसहित हामी सबैको मागअनुसार भ्रष्टाचारको छानबिन गर्नुपर्नेछ, यसमा असफल हुन छुट छैन । सरकारको पहिलो प्राथमिकता नै यही हुनुपर्छ ।'

आचार्य आन्दोलनमा भएका सबै घटनाको छानबिन र कानुनी कारबाहीको दायरामा ल्याउनुपर्ने चुनौती पनि कार्कीसामु रहेको बताउँछन् । उनी भन्छन्, 'जेन-जीको आन्दोलनमा घुसपैठ भयो । सिंहदरबार, संसद्, सर्वोच्च र कान्तिपुरसमेत जलाउने काम भयो । यसलाई कारबाहीको दायरामा ल्याउन सकिएन भने भविष्यमा कहिल्यै पनि सुरक्षित महसुस गर्न सकिँदैन ।'

**प्रधानमन्त्री कार्कीले थालिन् काम**

नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीले हाल कायम प्रतिनिधिसभा विघटनको सिफारिससम्बन्धी निर्णय गरेर आफ्नो काम सुरु गरेकी छन् । शुक्रबार प्रधानमन्त्रीमा नियुक्त भएर राष्ट्रपति रामचन्द्र पौडेलबाट पद तथा गोपनीयताको शपथलगत्तै उनले एकल मन्त्रिपरिषद्बाट प्रतिनिधिसभा विघटनसम्बन्धी निर्णय सिफारिस गरेर आफ्नो काम थालेकी हुन् ।

कार्कीले मन्त्रिपरिषद्बाट सिफारिस गरेसँगै राष्ट्रपति पौडेलले तत्कालै निर्णय सदर गरेका छन् । 'सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री श्री सुशीला कार्कीज्यूको सिफारिस बमोजिम मिति २०८२ साल भदौ २७ गते शुक्रबार रातको ११:०० बजेदेखि लागू हुने गरी वर्तमान प्रतिनिधि सभाको विगठन गर्नु भएको छ', राष्ट्रपति कार्यालयका उपसचिव रुपेश जंग थापा मगरले जारी गरेको एउटा विज्ञप्तिमा लेखिएको छ ।

यस्तै राष्ट्रपतिले फागुन २१ गते बिहीबारका दिन नयाँ प्रतिनिधि सभाको निर्वाचन गर्ने गरी मिति समेत तोकेका छन् । यसअघि नियुक्तिकै क्रममा राष्ट्रपतिले कार्कीलाई ६ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन गर्ने म्यान्डेट दिएका थिए ।

'सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले मुलुकमा उत्पन्न विषम तथा असाधारण परिस्थितिलाई सम्बोधन गर्दे युवा पुस्ताद्वारा प्रकट गरिएको इच्छा र आकाङ्क्षा अनुसार राजनीतिक दल तथा सरोकारवालाहरू सँगको परामर्शसमेतका आधारमा नेपालको संविधान बमोजिम राष्ट्रपतिका अन्तर्निहित संवैधानिक अधिकार प्रयोग गरी नेपालको संविधानको पालना र संरक्षण एवम् नेपालको राष्ट्रिय एकताको प्रवर्द्धन गर्न आवश्यक भएकोले राष्ट्राध्यक्षको हैसियतले प्रधानमन्त्रीको सिफारिस र सम्मतिको आधारमा नेपालको संविधानले राष्ट्रपतिलाई सुम्पिएको संवैधानिक प्रतिबन्धात्मक व्यवस्था बमोजिम ६ (छ) महिनाभित्र प्रतिनिधि सभाको अर्को निर्वाचन सम्पन्न गर्ने गरी श्री सुशीला कार्की, मोरङलाई नेपालको अन्तरिम सरकारको प्रधानमन्त्री पदमा नियुक्त गर्नु भएको छ', शीतल निवासको विज्ञप्तिमा भनिएको थियो ।

सोहीअनुसार निर्वाचनको मिति तोकिएको हो । तर, तत्काल संघटकाल भने लागू नभइसकेको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले शुक्रबार मध्यरात बताए । भ्रष्टाचार र बेथितिविरुद्ध भदौ २३ र २४ गते भएको जेनजी आन्दोलन सफल भएसँगै अन्तरिम सरकारको नेतृत्व गरेकी कार्कीलाई अघि बढ्न भने त्यति सहज देखिएको छैन । माओवादी केन्द्र, एमालेलगायतका दलले औपचारिक रुपमै संसद विघटनको विरोध गरिसकेका छन् भने उनीप्रतिको असन्तुष्टिका रूपमा शपथमै समेत सहभागी भएनन् ।

पूर्वप्रधानमन्त्रीहरु केपी शर्मा ओली, प्रचण्ड, शेरबहादुर देउवा, माधव नेपाल, झलनाथ खनाल शपथमा सहभागी नभएका हुन् । पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई भने सहभागी थिए । यस्तै नेपाल बारले समेत कडा विरोध गरिसकेको छ । यस्तो पृष्ठभूमिमा सबैलाई विश्वासमा लिएर चुनाव गराउन उनलाई चुनौती भने छ । शीतलनिवासमा प्रतिनिधिसभा विघटन गरेर अघि बढ्नेगरी सहमति भएलगत्तै माओवादी केन्द्रको शुक्रबार राति पदाधिकारीको आकस्मिक भर्चुअल बैठक बसेको थियो ।

सो बैठकले वर्तमान परिस्थितिको विश्लेषण गर्दै मुलुकको संवैधानिक व्यवस्था विपरीत वर्तमान संसदलाई विघटन गर्ने निर्णयको निर्णय गरिएको छ । 'उक्त निर्णयप्रति हाम्रो पार्टीको गम्भीर रूपमा असहमति रहेको निर्णय गरेको छ', माओवादी प्रवक्ता अग्नि सापकोटाले जारी गरेको विज्ञप्तिमा लेखिएको छ । यस्तै नेकपा एमालेका महासचिव शंकर पोखरेलले पनि संसद् विघटन विडम्बनापूर्ण भएको बताएका छन् । उनले सामाजिक सञ्जालमार्फत सबैलाई सतर्क रहन र खबरदारी गर्न आग्रह गरेका छन् ।

साथै बारले विघटनको भर्त्सना गर्दै संवैधानिक सर्वोच्चताको पुनर्स्थापनाको माग समेत गरेको छ । शुक्रबार राति नै बारका अध्यक्ष विजय प्रसाद मिश्र र महासचिव केदार प्रसाद कोइरालाले जारी गरेको संयुक्त वक्तव्यमा भनिएको छ, 'प्रतिनिधिसभा विघटन गरी नयाँ सरकार बनाउने गरी राष्ट्रपतिबाट मिति २०८२ साल भाद्र २७ गते भएको निर्णय स्वेच्छाचारी र असंवैधानिक रहनुका साथै कानूनको शासन, संवैधानिक सर्वोच्चता एवं संविधानवाद समेतको प्रत्यक्ष विपरीत रहेको निष्कर्ष सहित यस कदमको कडा भर्त्सना गर्दछ ।'

यो कदम नेपाली जनताले लोकतन्त्रका लागि गरेको लामो र कठिन संघर्षलाई गम्भीर रूपमा कमजोर पार्ने र लोकतन्त्र, गणतन्त्र र समावेशिता सहितको संघीयता जस्ता उपलब्धिलाई खोस्ने तर्फ लक्षित रहेको बारको ठहर छ।

# गृह मन्त्रालयको नयाँ भवनबाट प्रधानमन्त्री कार्यालय अस्थायी रूपमा सुरु



काठमाडौं । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले अस्थायी रूपमा गृह मन्त्रालयका लागि निर्माण गरिएको सिंहदरबारकै नयाँ भवनबाट कार्य सञ्चालन गर्ने निर्णय गरेको छ। जेन-जी पुस्ताले नेतृत्व गरेको आन्दोलनमा सिंहदरबारभित्रै भएको व्यापक तोडफोड र आगजनीले कार्यालयबाट काम गर्न नसक्ने अवस्था देखिएपछि विकल्प खोजिएको हो। तोडफोड र आगजनीले प्रधानमन्त्री कार्यालय बस्नै नमिल्ने अवस्थामा पुगेपछि कार्यालयले यसको अस्थायी व्यवस्थापनका लागि गृह मन्त्रालयले आफ्ना लागि बनाएको सिंहदरबारकै नयाँ भवनमा सार्ने निर्णय लिएको हो। अघिल्लो दिन नै पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई नयाँ प्रधानमन्त्री बनाउने विषयमा राजनीतिक सहमति बनिसकेको थियो। यस्तो वेला नयाँ प्रधानमन्त्रीलाई काम गर्ने ठाउँको व्यवस्थापनको चटारो कार्यालयलाई आयो।

शुक्रबार बिहानैदेखि प्रधानमन्त्री कार्यालयका कर्मचारी प्रधानमन्त्रीका लागि अफिसको सेटअपमा जुटेका थिए। क्षतिग्रस्त कार्यालयमा बचेखुचेका र प्रयोग गर्न मिल्ने सामान नयाँ भवनमा सार्न थाले। शुक्रबार दिउँसो नयाँ पत्रिका टिम गृह मन्त्रालयको नयाँ भवनमा पुग्दा कार्यालयका सहसचिवदेखि अरू कर्मचारी पनि प्रधानमन्त्रीको कार्यकक्ष बनाउन जुटिरहेका थिए। भवनको पहिलो तलामा कर्मचारी प्रधानमन्त्रीका लागि कार्यकक्ष, बैठक हल र मन्त्रिपरिषद् बैठक बसाल्ने कोठाको व्यवस्थापन र सजावटमा व्यस्त थिए। आफ्नो भवन, संरचना र उपयोगी वस्तु खरानी नै भएपछि तत्कालै नयाँ व्यवस्थापनले कार्यालयका कर्मचारीलाई चटारो बढाएको थियो।

तोडफोड र आगजनीको ताजा अवस्थामै अरू मन्त्रालयमा कर्मचारी आउन थालेकै छैनन्। तर, कार्यालयका कर्मचारी भने हतारहतार कार्यालय व्यवस्थापनका लागि काममा जुटिरहेका थिए। सचिवदेखि तल्ला तहका कर्मचारी नै प्रधानमन्त्री कार्यालयको 'सेटअप'मा काम गरिरहेका थिए। आगलागी भएको आफ्नो भवनमा क्षति हुनबाट जोगिएका र प्रयोग गर्न मिल्ने फर्निचर, कार्पेट, सोफालगायत वस्तुहरू पुछपाछ गरेर कर्मचारीले नयाँ कार्यालयमा मिलाइरहेका थिए। प्रधानमन्त्री बस्नका लागि कुर्सी-टेबुल, एउटा बैठक कोठा र मन्त्रिपरिषद् बैठक बस्ने गरी अर्को नयाँ हल मिलाउन कर्मचारीले काम गरिरहेका थिए। शुक्रबार ३ बजे कार्यालय समय सकिने भए पनि साढे ४ बजेसम्म पनि कर्मचारीहरू काम गरिरहेका थिए। मुख्यसचिव एकनारायण अर्यालले प्रधानमन्त्री कार्यालयको भवनमा क्षति पुगेकाले मर्मतसम्भार भएर सञ्चालनमा आउने अवस्था नहुन्जेल गृहको नयाँ भवनबाट कार्यारम्भ गर्न लागिएको बताए।

गृह मन्त्रालय बस्ने गरी केही समयअघि मात्र यो भवनको निर्माण सम्पन्न भएको थियो। ५६ करोड ४३ लाख ६३ हजार रुपैयाँ लागतमा बनेको यो भवन सिंहदरबारमा बनेकामध्येकै अत्याधुनिक छ। कार्यालयका प्रवक्ता शर्माले कार्यालय भवनमा क्षति हुनबाट जोगिएका फर्निचरलगायत सामान नयाँ भवनमा सारिएको छ। 'कार्यालयमा भएका र क्षति हुनबाट जोगिएका फर्निचरलगायत सामान ल्याएर यहाँ व्यवस्थापन गरिरहेका छौं,' उनले नयाँ पत्रिकासँग भने। कार्यालयले अहिले हतारमा प्रधानमन्त्री र मुख्यसचिवको कार्यकक्ष मात्र तयार गर्न भ्याएको छ। आगामी सातादेखि कार्यालय कार्यसञ्चालन गर्न सक्ने गरी व्यवस्थापन गरिने प्रवक्ता शर्माले बताए।

**भूकम्पले भत्किएर पुनर्निर्माण गरिएको दुई वर्षमै फेरि अर्को क्षति व्यहोर्‍यो प्रधानमन्त्री कार्यालयले**

जेन-जी आन्दोलनपछिको परिस्थिति तोडफोड र आगजनीतर्फ गयो। यसबाट सिंहदरबारका अधिकांश मन्त्रालय र कार्यालयमा क्षति पुगेको छ। आन्दोलनकारीले मन्त्रालय र कार्यालयमा छिरेर आगजनी र तोडफोड गरेका छन्। सिंहदरबारभित्र आन्दोलनकारीले मुख्य 'टार्गेट' प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई गरेको देखिएको छ। उनीहरूले कार्यालयमा आगजनी र व्यापक तोडफोड गरेका छन्। त्यसबाट कार्यालय पूर्णजसो क्षति भएको छ। ०७२ को भूकम्पले क्षति पुगेको यो पुरातात्विक भवन प्रबलीकरण गरेर साबिककै शैलीमा पुनर्निर्माण गरिएको थियो। पुनर्निर्माण गरेर ०८० मंसिरदेखि प्रयोगमा ल्याइएको भवन दुई वर्षमै आगजनीले पुनः क्षतिग्रस्त हुन पुगेको छ। कार्यालयका प्रवक्ता रविलाल शर्माका अनुसार आगजनी र तोडफोडबाट प्रधानमन्त्री कार्यालयको मूलगेटदेखि नै क्षति भएको छ। 'आगजनीबाट प्रधानमन्त्रीको कार्यकक्ष, प्रशासन महाशाखा खरानी नै भएको छ,' उनले नयाँ पत्रिकासँग भने, 'अन्य महाशाखा र शाखा कुनै पनि सद्दे अवस्थामा छैनन् ।' भवनका टेबुल, सिसा, झ्यालढोका र सवारीसाधनमा पनि ठुलो क्षति पुगेको छ। दुई दिनअघि लागेको भवनको आगो शुक्रबार दिउँसोसम्म निभेको थिएन। शुक्रबार सेनाको दमकलले आगो निभाएको थियो।

**गृह र शिक्षा मन्त्रालयमा पनि अधिक क्षति, अन्तै सारिने**

आगजनी र तोडफोडले गृह मन्त्रालयमा पनि अत्यधिक क्षति भएको छ। मन्त्रालयपरिसरमा दर्जनभन्दा बढी सवारीसाधनमा आगजनी गरिएको छ। मन्त्रालयभित्र पनि केही शाखाबाहेक सबैमा आगजनी र तोडफोड गरिएका छन्। मन्त्री र सचिवको कार्यकक्ष पूरै जलाइएका छन्। ठुलो क्षतिका कारण बस्न र काम गर्न नमिल्ने भएपछि मन्त्रालयलाई सिंहदरबारकै अर्को भवनमा सार्न लागिएको छ। पुरानो सामान्य प्रशासन मन्त्रालय रहेको हाल उद्योग मन्त्रालयपछाडिको भवनमा गृह मन्त्रालय स्थानान्तरण गर्न लागिएको छ। त्यस भवनमा परराष्ट्र मन्त्रालय सार्ने तयारी भइरहेका वेला आकस्मिक निम्तिएको संकटले गृहलाई त्यहाँ स्थानान्तरण गर्न लागिएको हो। उक्त भवनमा पनि सामान्य क्षति छ। तर, बस्न मिल्ने अवस्था रहेकाले गृह मन्त्रालय स्थानान्तरण गर्न खोजिएको हो।

यसैगरी शिक्षा मन्त्रालयमा आगजनी र तोडफोडको क्षति छ। शिक्षा मन्त्रालयभित्र आगो लगाइएको छ भने तोडफोडसमेत गरेर क्षति निम्त्याइएको छ। भवनमा क्षति भएर कार्यसञ्चालन गर्ने अवस्था नभएपछि मन्त्रालयलाई पनि स्थानान्तरण गर्न लागिएको छ। शिक्षा मन्त्रालयलाई लैनचौरको केशरमहल क्षेत्रमा रहेको सार्वजनिक खरिद अनुगमन कार्यालयको भवनमा सार्न लागिएको छ।

**अरू मन्त्रालयमा पनि क्षति, केही जोगिए**

आगजनी र तोडफोडबाट सिंहदरबारका अन्य मन्त्रालयमा पनि क्षति पुगेका छन्। ऊर्जा मन्त्रालयको भवन र परिसरमा रहेका ठुलो संख्याका सवारीमा तोडफोड र आगजनी गरिएको छ। त्यस्तै, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पनि आन्दोलनकारीले निसाना बनाएका छन्। मन्त्रालयका केही महाशाखा र सवारीमा क्षति पुगेको छ। मन्त्रालयपरिसर र आसपास रहेका ठुलो संख्याका सवारीसाधन जलेर खरानी भएका छन्। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र खानेपानी मन्त्रालय रहेको भवन र मन्त्रालयका शाखा-महाशाखामा क्षति पुगेका छन्। मन्त्रालयपरिसरमा रहेका दर्जनौं सवारीसाधन पनि जलेर नष्ट भएका छन्। कृषि मन्त्रालयमा पनि आन्दोलनकारीले ठुलो क्षति पुर्‍याएका छन्। राष्ट्रिय सतर्कता केन्द्रमा आन्दोलनकारी प्रवेश गरेर आगजनी र तोडफोड गरेका छन्। राष्ट्रिय अनुसन्धान विभागको अगाडिको भागमा पनि आन्दोलनकारीले केही क्षति पुर्‍याएका छन्। नेपाल टेलिभिजनमा आगजनी र तोडफोड भएको छ।

अर्थ मन्त्रालयमा पनि केही आगजनी गरिएको छ भने परिसरमा रहेका गाडी जलाइएको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, परराष्ट्र मन्त्रालय, सहरी विकास मन्त्रालय र महिला, बालबालिका मन्त्रालयमा केही सवारी तोडफोड गरिएका छन्। भूमि व्यवस्था, वन, कानुन, सहरी विकास मन्त्रालयमा खासै क्षति छैन। श्रम, रक्षा, पर्यटन र उद्योग मन्त्रालय क्षतिरहित देखिएका छन्। संघीय संसद् सचिवालय, योजना आयोग, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागलाई आन्दोलनकारीले छोएका छैनन्।

**कार्यसञ्चालनको अन्योल**

आगजनी र तोडफोडले मन्त्रालय तथा कार्यालयमा क्षति पुगेपछि कार्यसञ्चालनमा अन्योल भएको छ। अन्योल चिर्ने र नियमित कार्यसञ्चालनबारे अहिले मुख्यसचिव र सचिवहरूबिच छलफल जारी छ। शुक्रबार मुख्यसचिव अर्यालले सिंहदरबारभित्र तोडफोड र आगजनीबाट भएको क्षतिको अवलोकनसमेत गरेका छन्। 'क्षतिको अवस्था हेरेर कार्यसञ्चालन गर्नेबारे मुख्यसचिव र सचिवज्यूहरूबिच छलफल भइरहेको छ,' प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता शर्माले भने, 'क्षति नभएका वा कम भएकामा कार्यसञ्चालन गर्न खासै अवरोध छैन। अरूको हकमा पनि बिस्तारै काम अघि बढ्छ।' सिंहदरबारभित्र आगजनी र तोडफोडबाट भएको क्षतिको विवरण संकलनको कामसमेत अघि बढाउन लागिएको छ।

# उद्योग व्यवसाय प्रतिष्ठानमा मुलुकभर नौँ अर्बौं रुपैयाँ बराबरको क्षति : महासंघ

काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघले उद्योग व्यवसाय प्रतिष्ठानमा मुलुकभर नै अर्बौं रुपैयाँ बराबरको क्षति भएको जनाएको छ। क्षतिबारे महासंघले थप विवरण संकलन गरिरहेको भए तापनि क्षतिको कारण राजस्व र कुल घरेलु उत्पादनमै गम्भीर असर पर्ने प्रारम्भिक आकलन गरेको समेत जनाएको छ।

'पछिल्लो घटनाक्रममा कतिपय उद्यमी व्यवसायीको उद्योग, प्रतिष्ठान, कार्यालय एवं निवासमा समेत तोडफोड एवं आगजनीका घटना भएका छन्। यसरी व्यक्तिगत एवं व्यवसायिक सम्पत्तिमाथि भएका तोडफोडका घटनाको महासंघ भर्त्सना गर्दछ,' विज्ञप्तिमा भनिएको छ, 'महासंघ व्यवसायिक एवं व्यक्तिगत सम्पत्तिमाथि आगामी दिनमा आक्रमण नहुने सुनिश्चितताको लागि सम्पूर्ण सबैको ध्यानाकर्षण गराउन चाहन्छ।'

निजी क्षेत्रका गतिविधि निर्वाध रूपमा सञ्चालन हुन नसकेमा अर्थतन्त्रमा थप समस्या हुने र आगामी दिनमा राजस्वमा समेत नकारात्मक प्रभाव पर्ने महासंघले जनाएको छ। 'त्यसैले सर्वप्रथम आम सर्वसाधारण तथा उद्यमी व्यवसायले निर्वाध रूपमा पेशा व्यवसाय गर्न पाउने सुनिश्चितताका लागि सुरक्षा प्रदान गरिदिन हुन आग्रह गर्दछौं,' विज्ञप्तिमा उल्लेख छ।

निषेधाज्ञा एवं कर्फ्युका समयमा पनि अत्यावश्यक सेवा तथा पेसाकर्मीहरूको आवतजावत एवं वस्तुहरू जस्तै औषधि, खाद्यान्न, दूध, पानी, फलफूल, तरकारी, पेट्रोलियम पदार्थ आदिको ओसार-पसार सहजीकरणका लागि समेत महासंघले आग्रह गरेको छ।

सुशासन, भ्रष्टाचार नियन्त्रण, वाक स्वतन्त्रता, मर्यादित रोजगारी, स्वरोजगारी, राजस्वको सदुपयोगलगायतका विषयमा युवा पुस्ताले चासो देखाएको र यसका लागि विकसित घटनाक्रमको विवेकपूर्ण अवतरण भई युवा पुस्ताको चाहना बमोजिम समुन्नतिको यात्रामा देश अगाडि बढ्ने अपेक्षा महासंघले गरेको छ।

'देशको समुन्नतिका लागि अन्यौल अन्त्य भई सुशासन कायम गर्ने कार्यमा महासंघ समन्वय एवं सहकार्य गर्न तयार छ। नवनिर्माण एवं पुनर्निर्माणका लागि आगामी दिनमा आवश्यक पर्ने बजेटको मुख्य स्रोत निजी क्षेत्र रहेको हुँदा उद्यम व्यवसायको निर्वाध सञ्चालन गर्न आवश्यक शान्ति-सुरक्षाको व्यवस्थाका लागि महासंघ आग्रह गर्दछ,' महासंघले भनेको छ।

अन्तरराष्ट्रिय विमानस्थल सुचारु भए पनि अधिकांश भन्सार नाका बन्द रहेको भन्दै महासंघले अत्यावश्यक सामग्रीसहितका सामान आयात-निर्यातका लागि भन्सार नाकामा सुरक्षा दिई सुचारु गर्ने वातावरण निर्माण गर्न आग्रह गरेको छ। 'नेपाली अर्थतन्त्रमा ८१ प्रतिशत, राजस्वमा ८० प्रतिशत र रोजगारीमा ८६ प्रतिशत योगदान रहेको निजी क्षेत्रका विषय समावेश हुँदा अर्थतन्त्र चलायमान भई समुन्नति र स्थायित्व कायम हुने विश्वास हामीले लिएका छौं,' महासंघले भनेको छ।

# ८ भन्सार र २२ वटा राजस्व कार्यालयमा क्षति

काठमाडौं । प्रर्दशनमा मुलुकभर आठ वटा भन्सार कार्यालय र १८ वटा राजस्व कार्यालयमा क्षति भएको छ । भन्सार विभागका अनुसार मेची भन्सार, भद्रपुर भन्सार, कैलाली भन्सार र जनकपुर भन्सार कार्यालयमा पूर्ण रुपमा क्षति भएको छ ।यस्तै, विराटनगर भन्सार, नेपालगञ्ज भन्सार, भैरहवा भन्सार र ठाडी भन्सार कार्यालयमा आंशिक क्षति भएको विभागले जनाएको छ । यद्यपिको कति रकम बराबरको क्षति भएको विवरण आइनसकेको स्रोतको भनाइ छ । यद्यपि बाँकी भन्सार कार्यालयहरुमा आज पनि भन्सार जाँचपासको काम भइरहेको स्रोतको भनाइ छ ।

प्रर्दशनका क्रममा १८ वटा आन्तरिक राजस्व कार्यालयहरु तोडफोड तथा आगजनी भएको राजस्व विभाग स्रोतले बताएको छ । जसअनुसार दमक, इटहरी, विराटनगर, लाहान, जनकपुर, सिमरा, हेटौडा, विरगञ्ज, वुटवल, भैरहवा, नेपालगञ्ज, जनकपुर, सिमरा, हेटौडा, दाङ, धनगढी डढेल्धुरा र पोखरा १८ वटा पूर्ण रुपमा ध्वस्त भएको छ ।

प्रर्दशनका क्रममा कृष्णनगर, धुलीखेल, इलाम र सिन्धुली आन्तरिक भन्सार कार्यालयहरुमा आंशिक क्षति भएको छ । यसरी क्षति भएका भन्सार तथा आन्तरिक राजस्व कार्यालयह(रुको मूल्यांकन गरेर पुनः संरचनाको काम गरिने स्रोतले बताएको छ ।

# आन्दोलन घोषणा गरेका उखु किसान अन्यौलतमा, अनुदान पाउनेमा शंका



काठमाडौं । उखु किसानहरूले खाइपाइ आएको अनुदान रकम माग्दै राजमार्ग केन्द्रित आन्दोलन गर्ने सरकारलाई चेतावनी दिएका छन्। उखु किसानहरूको संगठन नेपाल उखु उत्पादक महासंघको केन्द्रीय कार्यालय सर्लाही हरिवनमा शनिबार किसानहरूको बैठकले सरकारले प्रतिक्विन्टल ७० रुपैयाँ अनुदान नदिए आन्दोलन नरोक्ने निर्णय गरेको छ। सरकारले बजेट अभाव देखाउँदै प्रतिक्विन्टल ३५ रुपैयाँको दरले अनुदान दिने यसअघि निर्णय गरेको थियो। किसानहरू भदौ २५ देखि पूर्व–पश्चिम महेन्द्र राजमार्गअन्तर्गत सर्लाहीको हरिवनमा राजमार्ग जाम पारेर आन्दोलन चर्काउने निर्णयमा पुगेका छन्। सरकारले उखु किसानलाई दिँदै आएको अनुदान रकममा ५० प्रतिशतले कटौती गरेको थियो। भदौ २५ गते १ घण्टा, भदौ २६ गते २ घण्टा र माग सम्बोधन नभए २७ गतेबाट अनिश्चितकालीन राजमार्ग बन्द गर्ने निर्णय भएको केन्द्रीय उखु संघर्ष समितिका अध्यक्ष श्यामबाबु रायले बताए। उनले भने, 'माग सम्बोधन नभए दैनिक एक घण्टाको दरले आन्दोलनको समय बढाउँदै लान्छौं। यतिले पनि सरकारले सुनुवाइ नगरे अनिश्चितकालीन राजमार्ग बन्द गर्ने निर्णयमा पुग्ने छौं। '

गत आर्थिक वर्ष २०८१/८२ मा देशका १३ चिनी मिलमा किसानहरूले २ करोड १५ लाख ७२ हजार १ सय ४८ क्विन्टल उखु खरिद गरेको थियो। प्रतिक्विन्टल ७० रुपैयाँको दरले सरकारको तर्फबाट किसानहरूले १ अर्ब ५१ करोड ५० हजार रुपैयाँ अनुदान रकम पाउनुपर्ने माग गर्दै आन्दोलित छन्। किसानहरूले गत साता काठमाडौं केन्द्रित आन्दोलन चर्काएपछि प्रतिक्विन्टल ३५ रुपैयाँका दरले अर्थ मन्त्रालयले ७५ करोड ४९ लाख ३८ हजार २ सय ४० रुपैयाँ निकासा गरेको थियो। तर, किसानहरूले प्रतिक्विन्टल ७० रुपैयाँ अनुदान नपाएसम्म आन्दोलन नरोकिने अडानमा छन्।

भदौ ८ देखि १४ सम्म किसानहरूले काठमाडौं केन्द्रित आन्दोलन चलाएका थिए। माइतीघर मण्डलामा धर्ना बस्दै संसद् भवन घेराउसमेत गरेका थिए। तर, माग पूरा गर्न सरकार तयार नभपछि उनीहरू राजमार्ग केन्द्रित आन्दोलनको चेतावनी दिएर जिल्ला फर्किएका थिए। अब आन्दोलन गर्न सरकारले नै बाध्य पारेको केन्द्रीय उखु संघर्ष समितिका सहसंयोजक राजकुमार उप्रेतीले बताए।

सात दिनको आन्दोलनबाट सरकारले मागको सुनुवाइ नगरेका कारण माइतीघरमै पत्रकार सम्मेलन गर्दै भदौ २५ देखि राजमार्ग ठप्प पारेर आन्दोलन गर्ने घोषणा गरेका थिए। आन्दोलन घोषणाअघि माग सम्बोधनका लागि सरकारलाई १० दिनको अल्टिमेटम दिइएको थियो। तर, सरकारले आफूहरूको मागप्रति गम्भीरता नदेखिए कडा आन्दोलनको बाटो रोज्नुपरेको उखु उत्पादक महासंघका कन्द्रीय सदस्य महाशंकर थिङले बताए। 'हामीले सरकारसँग अनुदान रकम मागेका होइन, कृषि उत्पादनमा सरकारले छुट दिएको भ्याटबापतको पसिनाको मूल्य किसानले मागेका हुन्', उनले भने, 'सरकारले यो रकम अनुदानको शीर्षकमा बजेट छुट्ट्याएर २०६५ सालदेखि उपलब्ध गराउँदै आएको छ।' किसानले खाइपाइ आएको अनुदान रकम कटौती गर्नु उचित नहुने उनले बताए।

भदौ १३ मा कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीसँगको किसानहरूको वार्ता भएको थियो। वार्ता निष्कर्षविहीन भएपछि राजमार्ग बन्द गरेर आन्दोलन चर्काउने सरकारलाई चेतावनी दिएका थिए। काठमाडौंमा जारी आन्दोनका बेला कृषिमन्त्री र मन्त्रीका प्रतिनिधिहरूबीच तीनपटक वार्ता भएको संघर्ष समितिका अध्यक्ष रायले बताए। 'सरकारलाई १० दिनको अल्टिमेटम दिएका थियौं। दुई–चार दिन अझै बाँकी छ। किसानले पाउनुपर्ने डेढ अर्ब अनुदान सरकारले दिए ठीकै छ,' उनले भने, 'नत्र हामी उखु किसानहरू सर्लाहीको हरिवनमा जम्मा भएर राजमार्ग जाम गरेर आन्दोलन चर्काउँछौं। मेहनतको कमाइ लिएरै छोड्छौं।'

संघर्ष समितिका प्रवक्ता उमेशचन्द्र यादवका अनुसार राजमार्ग अवरुद्धबाट हुने प्रतिकूल वातावरणको जिम्मेवार सरकार, अर्थ मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् हुनेछ। अनुदान रकमलाई गैरजिम्मेवार ढंगबाट सरकारले कटौती गर्नु अत्यन्त निन्दनीय कदम हो। चालु आर्थिक वर्षको बजेटमा उखु किसानलाई अनुदान दिन २ अर्ब रुपैयाँ छुट्ट्याइएको छ। तर, अर्थमन्त्री विष्णु पौडेलले बजेट अभाव रहेको बताउनु उचित नरहेको प्रवक्ता यादवको भनाइ छ। उखु उत्पादक कृषक संघ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहा अनुदान कटौतीको निर्णय सरकारले फिर्ता लिनै पर्छ। उनले भने, ' एक त उद्योगी र सरकार मिलेर उखुको मूल्य तोक्छ। त्यसमा पनि हामी मारमा पर्दै आएका छौं। सरकारबाट पाउनुपर्ने अनुदान पनि कटौती हुन्छ भने त्यो त अन्याय नै भयो।'

# बैंकका केही शाखा र एटिएममा तोडफोड, नगद सुरक्षित

काठमाडौं । दुई दिनसम्म चलेको जेन-जी आन्दोलनले बैंक तथा वित्तीय संस्थाका केही शाखा कार्यालय तोडफोड भए पनि नागरिकको बचत सुरक्षित रहेको छ। प्रदर्शनका क्रममा बानेश्वरस्थित राष्ट्रिय वाणिज्य बैंकको शाखालगायतका कार्यालय तोडफोड भएका थिए। यद्यपि, नागरिकको बचत सुरक्षित भएको बैंकहरूको भनाइ छ। उक्त बचत बैंकको दायित्वभित्र भएका कारण नागरिकको बचतमा कुनै पनि समस्या नआउने बैंकहरूको भनाइ छ। त्यसमाथि नगदमा कुनै नोक्सानी नभएको बैंकर्स संघका अधिकारीहरू बताउँछन्। अहिले बैंकिङ प्रणालीमा ७२ खर्ब ५९ अर्ब रुपैयाँ बचत छ। वाणिज्य बैंकमा मात्रै ६५ खर्ब सात अर्ब रुपैयाँ बचत छ। त्यसमा सबैभन्दा धेरै बचत व्यक्तिगत खातामा छ। प्रणालीमा यतिका धेरै बचत भए पनि नगद भने आंशिक अनुपातमा हुन्छ। यता सुरक्षाकर्मीले पनि बैंकहरूमा तोडफोड गर्ने प्रदर्शनीलाई पक्राउ गरिसकेकोछ।प्रदर्शनकारीले एटिएमलगायतको पैसा राख्ने मेसिन तोडफोड गर्न खोजेका थिए। तर, मेसिनको बनावटका कारण त्यो सम्भव भएन। हालसम्म नागरिकको नगद सुरक्षित रहेको बैंकहरूको भनाइ छ। यद्यपि, बैंकका कार्यालयका झ्याल-ढोकालगायतका फर्निचर सामग्रीमा क्षति पुगेको छ। साथै, कार्यालयभित्रका कम्प्युटरमा पनि क्षति पुगेको छ। तर, नगदमा क्षति नपुगेको बताइएको छ।

# क्षतिग्रस्त संरचना संचालन गर्न कामना सेवा विकास बैंकको सहयोग

काठमाडौं । कामना सेवा विकास बैंक लिमिटेडले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत पोखरा महानगरपालिका वडा नं ३० लाई कार्यालय संचालन गर्नको लागि टेबल कुर्सी हस्तान्तरण गरेको छ।

जेन जीको भ्रष्टाचार विरुद्धको आन्दोलनका क्रममा उक्त कार्यालयका सम्पुर्ण उपकरण तथा फर्निचरहरु जलेर नष्ट भएको थियो । कामना सेवा विकास बैंकका ढुङ्गेपाटन शाखाकी शाखा प्रबन्धक लक्ष्मी ढकालले वडाध्यक्ष दुर्गा प्रसाद सुवेदीलाई उक्त फर्निचरहरु हस्तान्तरण गरिन् । उक्त हस्तान्तरण कार्यक्रममा बोल्दै वडाध्यक्ष दुर्गा प्रसाद सुवेदीले आन्दोलनका क्रममा क्षती पुगेका संरचनामा सहयोग गरि कार्यालय सञ्चालन गर्न सहयोग गरेकोमा बैंकलाई धन्यवाद दिँदै अन्य सरोकारवालाहरुलाई पनि पुनःनिर्माणमा जुट्न आव्हान गरे।

बैंकले आन्दोलनका क्रममा कार्यालयका उपकरण सहित सम्पूर्ण भौतिक संरचना जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय, कास्कीलाई आवश्यक कम्प्युटर र प्रिन्टर हस्तान्तरण गरेको छ । कार्यालय पुर्ण रुपमा जलेर नष्ट भई कार्यालय सञ्चालन नै असम्भव हुने अवस्थामा रहेकोमा तत्काल आवश्यक पर्ने कम्प्युटर र प्रिन्टर बैंकका पोखरा क्षेत्र प्रमुख शिव कुमार ढकालले जिल्ला प्रहरी कार्यालय, कास्कीका डिएसपी हरि बहादुर बस्नेतलाई हस्तान्तरण गरे।

बैंकले आन्दोलनका क्रममा क्षतीग्रस्त भएका विभिन्न वडा कार्यालय, मालपोत कार्यालय, प्रहरी कार्यालयहरु पुनःनिर्माण, मर्मत सम्भार तथा आवश्यक सामाग्री हस्तान्तरण गर्न थालेको छ।

# उद्योगहरू बन्द भएपछि घट्यो बिजुलीको माग




काठमाडौं । मुलुकमा विकसित राजनीतिक घटनाक्रमका कारण उद्योग कलकारखाना बन्द हुँदा बिजुलीको माग घटेको छ। नेपाल विद्युत् प्राधिकरणले अहिले बिजुलीको औसत माग १६ सय मेगावाट रहेको बताएको छ। उद्योगहरू बन्द भएका कारण बिजुलीको माग देशभर करिब ७ सय मेगावाट घटेको प्राधिकरणका प्रवक्ता राजन ढकालले बताए। 'उद्योगहरू बन्द हुँदा बिजुलीको माग कम छ। अहिले औसत माग लगभग १६०० मेगावाट छ,' उनले भने, 'सामान्य अवस्था भएको भए बिजुलीको माग २२ देखि २३०० मेगावाट हुन्थ्यो।'

उद्योगहरू बन्द हुँदा बिजुलीको आन्तरिक माग कम भए पनि निर्यात उस्तै रहेको ढकालले बताए। औसत एक हजार मेगावाट बिजुली भारत र बंगलादेश निर्यात भइरहेको उनको भनाइ छ। 'बिजुली निर्यात सामान्य नै छ। खासै असर परेको छैन,' उनले भने, 'हामीसँग बढी भयो भन्दैमा सबै निर्यात गर्ने भन्ने हुँदैन। भारतको मागमा पनि निर्भर हुन्छ। त्यसैले निर्यातमा धेरै असर परेको छैन।'

प्राधिकरणका अनुसार राष्ट्रिय प्रसारणलाइनमा ३६ सय मेगावाट बिजुली जोडिएको छ। त्यसमध्ये कुलेखानीलगायत जलाशययुक्त जलविद्युत् आयोजना र केही जलविद्युत् आयोजनाको केही युनिट बन्द गर्दा करिब ३ हजार मेगावाट मात्रै बिजुली उत्पादन भइरहेको प्राधिकरणले जनाएको छ। मुलुकका विभिन्न ठाउँमा जारी निषेधाज्ञा, कर्फ्युलगायतका कारण उद्योगहरू बन्द र प्रदर्शनकारीले ठूला होटलहरू जलाएका कारणसमेत बिजुली खपत हुने स्रोत घटेका छन्। तर सरकारी र निजीलगायत कार्यालय सीमित मात्रै सञ्चालनमा आउँदा प्रायः मानिस घरमै बस्न बाध्य छन्। त्यसकारण पनि बिजुलीको घरायसी मागसमेत बढ्दै गएको उनको भनाइ छ।


प्रदर्शनकारीहरूको आगजनीका बाबजुद प्राधिकरणले देशभर विद्युत् आपूर्ति भइरहेको जनाएको छ। कतै-कतै आगो लाग्दा फिडर बन्द भए पनि कुन-कुन ठाउँमा भन्ने पूर्ण विवरण आइनसकेको ढकालले बताए। यद्यपि ती ठाउँमा वैकल्पिक तरिकाबाट बिजुली आपूर्ति सहज गराइएको उनको भनाइ छ। 'बिजुली आपूर्ति बन्द भएको ठाउँमा पनि सुरु गरिसकेका छौं,' उनले भने, 'केही स्थानीय ठाउँहरूमा नपुगेको हुन सक्छ। त्यसमा काम गरिरहेका छौं। मुख्य-मुख्य क्षेत्रमा बिजुली आपूर्ति भइसकेको छ।'

विद्युत् आपूर्ति अनियमित भए २४ सै घण्टा सञ्चालनमा रहने प्राधिकरणको हटलाइन ११५० वा नजिकको नोलाइट सेवामा जानकारी गराउन प्राधिकरणले आग्रह गरेको छ।

प्राधिकरण र त्यसअन्तर्गतका कार्यालयमा भने कतै क्षति पुगेको छैन। प्राधिकरणले बुधबार सूचना जारी गर्दै काठमाडौंसहित देशका विभिन्न स्थानमा केही विद्युत् संरचनाहरूमा क्षति पुगेकाले केही फिडरहरू सटडाउनको अवस्थामा राखिएको जनाएको थियो। प्रदर्शनका कारण ४५ मेगावाटको माथिल्लो भोटेकोशी जलविद्युत् आयोजना बन्द गरिएको छ।

आयोजना प्रवर्द्धक भोटेकोशी पावर कम्पनीले बुधबार सूचना जारी गर्दै आयोजना बन्द हुने जनाएको छ। जेन-जी आन्दोलन, प्रदर्शनकारीको आक्रमणलगायत विविध कारणले हालसम्म कुनै आयोजना बन्द भएको जानकारी नआएको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) का महासचिव बलराम खतिवडाले बताए। 'जेन-जी आन्दोलनदेखि विभिन्न कारणले जलविद्युत् आयोजनाहरू बन्द गरेको वा गर्नुपरेको इप्पानलाई जानकारी दिन भनिरहेका छौं तर अहिलेसम्म त्यस्तो केही आएको छैन,' उनले भने।

# दुई दर्जन होटेलमा २५ अर्बको क्षति



काठमाडौं । नयाँ पुस्ता (जेनजी)ले गरेको आन्दोलनको क्रममा झन्डै २ दर्जन होटेलहरूमा ठूलो क्षति पुगेको जनाइएको छ। होटेल संघ नेपाल (हान) ले संकलन गरेको प्रारम्भिक जानकारीअनुसार २ दर्जन होटेलहरूमा करिब २५ अर्ब रुपैयाँभन्दा बढी आर्थिक क्षति भएको छ। काठमाडौंमा रहेको हिल्टन होटेलको मात्रै ८ अर्ब रुपैयाँभन्दा बढीको क्षति भएको जनाइएको छ।

आन्दोलनमा प्रत्यक्ष प्रभावित होटेलहरू काठमाडौं उपत्यका, पोखरा, बुटवल, भैरहवा, झापा, मोरङ विराटनगर, धनगढी, महोत्तरी, दाङ तुल्सीपुर लगायतका क्षेत्रमा सञ्चालित स्वदेशी तथा विदेशी ब्रान्डका रहेका छन् र आन्दोलनकारीले होटेल प्रतिष्ठानहरूमा तोडफोड, आगजनी, लुटपाट गरेका छन्।

यसबाट प्रभावित होटेलहरू मर्मत सम्भार र पुनर्निर्माण नगरी सञ्चालनमा आउन सक्ने अवस्था नरहँदा करिब २ हजारभन्दा बढी कामदार कर्मचारीको चाडपर्वको समयमा रोजगारी गुमेको छ। यसका साथै, सञ्चालन अवरुद्ध भएका यी होटेलहरूले बेहोर्नुपर्ने बैंक-वित्तीय संस्थालगायत आर्थिक दायित्व नियमित रूपमा बुझाउन असमर्थ रहने देखिएको छ।

'सर्वसाधारणको सेयर लगानी भएको पब्लिक लिमिटेड कम्पनीसहितको निजी क्षेत्रका यस प्रकारको ठूलो लगानी र सम्पत्तिमा भएको क्षतिको यथाशीघ्र शक्तिशाली अधिकारप्राप्त न्याँयायिक समितिबाट जाँचबुझ हुनुपर्छ। अपराधीलाई उचित क्षतिपूर्तिसहितको दण्ड हुन तथा मर्मतसम्भार पुनर्निर्माणका लागि राज्यबाट आर्थिक प्याकेज उपलब्ध गराए लगानीकर्ताको मनोबल कायम राख्न आवश्यक छ,' भन्दै संघद्वारा जारी विज्ञप्तिमा आर्थिक स्थायित्व तथा समृद्धि हासिल गर्दै परिवर्तनकारी नयाँ युगमा पर्यटन विकासको कार्यमा सँगसँगै अघि बढ्न माग गरिएको छ।

२०२ पर्यटकले भिसा थपेर स्वदेश फर्किए

जेनजी आन्दोलनका कारण स्वदेश फर्किन नपाएका र भिसा सकिएका २०२ जना पर्यटक भिसा थपेर स्वदेश फर्किएका छन्। अध्यागमन विभागले बिहीबार गरेको व्यवस्थाअनुसार भिसा सकिएका पर्यटकहरू त्रिभुवन अन्तर राष्ट्रिय विमानस्थलमा भिसा थपेर स्वदेश फर्किएको विभागका प्रवक्ता टीकाराम ढकाल बताउँछन्।

आन्दोलनका कारण विमानस्थल बन्द हुँदा सेप्टेम्बर ८ अर्थात् भदौ २३ बाट भिसाको अवधी सक्किएका पर्यटकलाई त्रिभुवन विमानस्थलबाट नै भिसा थपेर स्वदेश फर्कन दिने विभागले व्यवस्था गरेको छ। भिसा थप्दा कुनै शुल्क नलाग्ने भन्दै उनले अहिलेसम्म २०२ जनाले भिसा थपेर स्वदेश गएको ढकाल बताउँछन्।

थप, २४८ जना पर्यटकले भने आपत्कालिन पासपोर्ट बनाएर वा ट्राभल डकुमेन्टमा आफ्नो भिसा ट्रान्सफर गरेर गएका छन्। विभिन्न कारणले पासपोर्ट हराएका पर्यटकले सम्बन्धित दूतावासबाट बनाएको ट्राभल डकुमेन्टमा भिसा ट्रान्सफर गरेर स्वेदश फर्किएका छन्। भिसा ट्रान्सफरबापतको शुल्क २ अमेरिकन डलर रहेको छ।

# आन्दोलनले अर्थतन्त्रमा गम्भीर धक्का : एलडिसीमा स्तरोन्नतिको तयारी अपुग हुने



काठमाडौं । जेन-जीले सोमबार र मंगलबार गरेको प्रदर्शनमा सरकारी तथा निजी संरचनामाथि भएको तोडफोड र आगजनीको 'साइड इफेक्ट' तत्कालैदेखि अर्थतन्त्रमा देखिने भएको छ। ०७२ को भूकम्प, भारतको नाकाबन्दी र कोभिड-१९ को असरबाट बल्लतल्ल माथि उठ्दै गरेको अर्थतन्त्रमा ठूलो धक्का लागेको हो। अर्थशास्त्रीहरूका अनुसार अब तत्काल सेवा प्रवाह र आर्थिक गतिविधि नराम्ररी प्रभावित मात्रै होइन, हजारौंले रोजगारी गुमाउने र गरिबी बढ्ने, पर्यटनमा आगमन घट्नेजस्ता समस्या देखिने अवस्था छ। क्षतिग्रस्त व्यवसायले ऋण तिर्न नसक्दा बैंकिङ क्षेत्र नै प्रभावित हुने तथा ती संरचना पुनर्निर्माणमा अर्बौं चाहिने अवस्था छ। त्यस्तै, ठुला होटेललगायत व्यापारिक संरचना ध्वस्त भएकाले स्वदेशी तथा विदेशी लगानीकर्ताको मनोबल खस्किएको छ। समग्र अवस्थाले सार्वजनिक ऋण अझ बढ्ने परिस्थिति निम्तिएको छ।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष प्रा.डा. गोविन्दराज पोखरेल मुख्यतः लगानी तथा विकास, रोजगारी, राजस्व, आर्थिक गतिविधि र सेवा प्रवाह नराम्ररी प्रभावित हुने बताउँछन्। 'सरकारी एवं निजी संरचना ध्वस्त पारिए, त्यसले अर्बौंको क्षति पुऱ्याएको छ, निजी लगानीमा क्षति पुग्दा रोजगारी र राजस्वमा समेत असर पर्नेछ, स्वदेशी तथा विदेशी लगानीकर्ताको मनोबल खस्किएको छ,' उनले भने, 'अर्कातर्फ सेवा प्रवाह र आर्थिक गतिविधि प्रभावित हुनेछ, यसले लागत बढाउनुका साथै जनतामा असन्तुष्टिसमेत बढाउनेछ।' सरकारी संरचनाको पुनर्निर्माणमा ठुलो रकम खर्च गरिनुपर्ने भएकाले सडक, खानेपानी, सिँचाइ, प्रसारण लाइनलगायत पूर्वाधारमा लगानी न्यून हुन सक्ने उनले बताए। 'यसले समग्र विकासलाई अझ पछि-पछि धकेल्दै लैजाने निश्चित छ,' उनले भने, 'अर्थतन्त्रका सबै आयामलाई प्रभावित पारेको छ।'

आन्दोलनमा भएका गतिविधिले के कति क्षति पुग्यो यकिन भइसकेको छैन। तर, प्रदर्शनका क्रममा भएका आक्रमण, तोडफोड र आगजनीले अन्तर्राष्ट्रिय समुदायमा नेपालबारे नकारात्मक सन्देश पुगेकाले लगानी र पर्यटनमा ठुलो असर पार्ने एक लगानीकर्ता बताउँछन्। 'आन्दोलनका क्रममा होटेलमा आक्रमण भयो, निजी लगानीमा आक्रमण भयो, यसले त यहाँ व्यक्ति र लगानीको सुरक्षामाथि प्रश्न उठायो नि,' एक लगानीकर्ताले भने, 'यही कारण अब नेपालमा विदेशी लगानी अपेक्षाकृत नआउन सक्छ, पर्यटन आगमनसमेत प्रभावित हुने निश्चित छ।'

निजी लगानीमा भएको क्षतिले अर्थतन्त्रलाई ओरालो दिशातर्फ धकेल्ने विश्लेषण पूर्वअर्थसचिव रामेश्वर खनालको पनि छ। 'निजी लगानीमा भएको क्षतिले हाम्रो अर्थतन्त्रलाई आगामी केही वर्षसम्म ओरालो दिशातर्फ धकेल्नेछ, सायद अझ लामो समयसम्म पनि। यो ठुलो चिन्ताको विषय हो,' उनले सामाजिक सञ्जालमा लेखेका छन्, हामी सबैले देशको विश्वास भरोसा पुनर्स्थापना गर्न एकजुट भएर काम गर्नुपर्छ।' प्रदर्शनकारीले संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपतिको कार्यालय, यातायात कार्यालय, प्रहरीका कार्यालय, वडा कार्यालयहरूलगायत संरचनालाई ध्वस्त बनाइदिएका छन्।

प्रहरी बिटदेखि सिंहदरबारको ठुलो संरचना पुनर्निर्माणका लागि अर्बौं लाग्ने प्रा.डा. पोखरेल बताउँछन्। 'निजी व्यवसाय र संरचनाको धेरथोर बिमाले पूर्ति गर्ला, तर सरकारी संरचनाको क्षतिपूर्ति कहींकतैबाट हुँदैन,' उनले भने, 'जनताको करबाट बनेको संरचना ध्वस्त पारिए, अब जनताकै करबाट बनाउनुपर्ने हुन्छ।' ऋण तिर्नसमेत ऋण उठाउनुपरेको नेपालले अब पुनर्निर्माणका लागि थप ऋण लिनुपर्ने उनले बताए।

जेन-जी आन्दोलनका क्रममा प्रदर्शनकारीले मंगलबार निजी व्यवसायमाथि पनि आक्रमण गरेका थिए। आक्रोशित समूहले निजी लगानीका मोबाइल सेवा प्रदायक, होटेल, सुपरमार्केट, सोरुम, गोदाम, हार्डवेयर, केबलकारलगायत उद्योग-व्यवसायमा तोडफोड एवं आगजनी गरे। हिल्टन होटेल, एनसेल, भाटभटेनी सुपरमार्केट, बिगमार्ट, राजेश हार्डवेयर, सिजी, चन्द्रागिरि केबलकार, सवारीसाधनका सोरुमलगायत निजी लगानीका उद्योग-व्यवसायमा तोडफोड, आगजनी एवं लुटपाट गरेका हुन्। आक्रमणबाट अर्बौंको क्षति भएको व्यवसायीले बताएका छन्। तर, सुरक्षाको कारण देखाएर कसैले पनि औपचारिक रूपमा बोल्न चाहेका छैनन्। नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य प्रबलजंग पाण्डेले दुई दिनको घटनाक्रमले मनोबल अत्यन्तै न्यून बनाएको बताएका छन्। उनले व्यवसायीहरूलाई सम्बोधन गर्दै सामाजिक सञ्जालमा लेखेका छन्, 'विगत दुई दिनको घटनाक्रमले हामी सबै अन्योलमा छौं, विचार शून्यमा छौं, हाम्रो मनोबल अत्यन्तै न्यून भएको छ।'

राजनीतिक नेतृत्वले गरेको गल्तीको सजाय व्यवसायीलाई दिइएको भन्दै उनले प्रश्नसमेत गरेका छन्। 'हामीले ऋण गरेर उद्योग व्यवसाय सञ्चालन गरेका हौं, लाखौंलाई रोजगारी दिएका छौं, राज्यलाई करलगायत अन्य दायित्व पनि बुझाइरहेका छौं,' उनले उल्लेख गरेका छन्, 'राजनीतिक नेतृत्वका केही नेताको गल्तीको सजाय हामी समग्र व्यवसायीलाई किन ? हाम्रा उद्योग व्यवसायमा निसाना किन ? हाम्रा घर घरमा आक्रमण किन ? के अब नेपालमा उद्योग नचाहिने हो ?' उनले शान्तिसुरक्षा र व्यक्तिगत जिउधनको सुरक्षाका लागि राज्यको ध्यानाकर्षणसमेत गराएका छन्।

नेपाल चेम्बर अफ कमर्सले बिहीवार एक विज्ञप्ती जारी गर्दै आन्दोलनका क्रममा औद्योगिक र व्यवसायिक क्षेत्रमा गम्भिर क्षति भएको उल्लेख गरेको छ। आन्दोलनका क्रममा भएको जनधनको ठूलो क्षतिले देशमा थप निराशा फैलाउने, औद्योगिक तथा व्यवसायिक वातावरण खलबल्याउने र लगानीमैत्री वातावरणमा प्रतिकूल असर पार्ने भएकाले सबै सरोकारवाला पक्ष संयमित बनेर निकास खोज्नुपर्नेमा चेम्बरले जोड दिएको छ।

# निजी क्षेत्र र अर्थतन्त्रमा भएको क्षतिप्रति एनबीआईको चिन्ता, शान्ति सुरक्षा प्रत्याभूतिको आह्वान

काठमाडौं। देशमा हालै भएको प्रदर्शनका क्रममा महत्वपूर्ण भौतिक संरचनाहरू तथा निजी क्षेत्रका सम्पत्तिहरूमा भएको तोडफोड र आगजनीप्रति राष्ट्रिय व्यवसायिक पहल गम्भीर चिन्ता व्यक्त गर्दै ती कार्यहरूको घोर भर्त्सना गरेको छ। यस किसिमका गतिविधिहरूले देशको अर्थतन्त्रमा गहिरो असर पार्ने निश्चित रहेको राष्ट्रिय व्यवसायिक पहलको भनाइ छ। जसबाट पुनः सामान्य अवस्थामा फर्कन लामो समय लाग्न सक्छ भन्नेमा राष्ट्रिय व्यवसायिक पहलले सचेत गराएको छ।

निजी क्षेत्रमा भएको जनधनको क्षतिको न्यायोचित क्षतिपूर्ति सुनिश्चित गर्न सम्बन्धित निकायलाई आग्रह गरेको छ। साथै, प्रदर्शनका क्रममा ज्यान गुमाउने सम्पूर्ण युवाका परिवारजनप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै दिवंगत आत्माहरूको चीर शान्तिको कामना र उपचाररत घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ। जेनजीले भ्रष्टाचारको अन्त्य गर्ने उद्देश्यले चलाएको यस अभियानमा राष्ट्रिय व्यवसायिक पहलको पूर्ण ऐक्यबद्धता रहेको बताएको छ। भ्रष्टाचारप्रति शुन्य सहनशीलताका साथ अबको मार्ग तय गरिनुपर्ने राष्ट्रिय व्यवसायिक पहलको भनाई छ। अन्तरिम सरकार गठनको प्रक्रियामा रहिरहँदा मानवीय तथा भौतिक सम्पत्तिको सुरक्षामा चुनौती देखिएको छ।

तसर्थ, हाल शान्ति सुव्यवस्थामा सक्रिय नेपाली सेना तथा अन्य निकायहरूलाई देशमा शान्ति, सुरक्षा र अमनचयन कायम राख्न, जनताको जीउधनको सुरक्षाको प्रत्याभूति दिलाउन यथाशीघ्र प्रभावकारी कदम चाल्न अनुरोध गरेको छ।

# निजी क्षेत्रलाई सुरक्षाको प्रत्याभूती दिलाउन परिसंघको आग्रह




काठमाडौं । देशभर भएको आन्दोलन तथा प्रदर्शनका क्रममा भएको धनजनको क्षतीप्रति नेपाल उद्योग परिसंघ गहिरो दुःख व्यक्त गर्दछ । आन्दोलनका क्रममा ज्यान गुमाउनुभएका युवाहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजन प्रति गहिरो समवेदना प्रकट गर्दछौं । साथै, घाईतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं । सुशासन, भ्रष्टाचार निवारण, सार्वजनिक क्षेत्रमा पारदर्शिता हुनुपर्नेलगायतका युवा पुस्ताको आकांक्षालाई उच्च महत्व दिइ मुलुक नयाँ चरणमा प्रवेश गर्ने विश्वास परिसंघले लिएको छ । विद्यमान अन्यौलतालाई चिर्दै अगाडि बढ्नुपर्ने आम नेपालीको चाहना बमोजिम मुलुकमा शान्ति, सुव्यवस्था कायम हुने विश्वास लिएका छौं । यसका लागि आवश्यक सहयोग, सहकार्य एवं समन्वय गर्न परिसंघ प्रतिबद्ध छ ।

आन्दोलनका क्रममा सार्वजनिक एवं निजी सम्पत्तिमाथि भएको आगजनी, तोडफोड, लुटपाटको घटनाले उद्योगी व्यवसायीहरुलाई अत्यन्त दुखित एवं चिन्तित बनाएकोतर्फ समेत सम्बन्धित सबै पक्षको ध्यानाकर्षण गराउन चाहन्छौं । औद्योगिक एवं व्यवसायिक क्षेत्रमा परेको गम्भिर असर एवं व्यक्ति तथा व्यवसाय केन्द्रित तोडफोड, आगजनी एवं लुटपाटका घटनाले लगानीकर्तालाई त्रसितसँगै धेरैको रोजगारी समेत प्रभावित भएको छ । लगानीकर्ता त्रसित भइरहने स्थिती भए त्यसको गम्भिर असर रोजगारीसँगै स्वदेशी एवं विदेशी लगानीमा पर्ने हुँदा निजी क्षेत्रलाई निर्वाद रुपमा उद्योग व्यवसाय गर्ने वातावरण बनाइ सुरक्षाको प्रत्याभूती दिलाउन परिसंघ आग्रह गर्दछ ।

सार्वजनिक एवं निजी क्षेत्रका संरचना पुनर्निर्माणका लागि खर्बौं लगानी आवश्यक पर्ने देखिन्छ । राज्यको स्रोतले मात्रै पुनर्निर्माण गर्न सक्ने अवस्था छैन । राज्यको प्रमुख आय स्रोत पनि निजी क्षेत्र नै भएको हुँदा त्रास एवं भय मुक्त भई उद्योग व्यवसाय गर्ने वातावरण सुनिश्चित गर्न परिसंघ आग्रह गर्दछ । कोभिड १९ र तत्पश्चात लिइएका नियामकीय प्रावधानका कारण करिब तीन वर्ष अर्थतन्त्रले निकै चुनोतीपूर्ण अवस्थाको सामना गर्नु परेको थियो । हालको परिस्थितिमा सहज रुपमा उद्योग व्यवसाय संचालन हुन नसकेमा अर्थतन्त्रको चक्रमा नै असर परी समग्र अर्थतन्त्रको विकास एवं सरकारको राजश्व प्रभावित हुन सक्ने भएकाले समयमै उचित वातावरण बनाउन परिसंघ सम्बन्धित सबै पक्षसँग अनुरोध समेत गर्दछ ।

अप्ठ्यारोमा परेको मुलुकको अर्थतन्त्रलाई सबै मिलेर अगाडि बढाउने वातावरण बनाउनु सबैको कर्तव्य समेत हुन आउँछ । नयाँ पुस्ताले चाहेको आकांक्षालाई मूर्तरुप दिई मुलुकलाई नयाँ चरणमा प्रवेश गराउने कार्यमा आजैका दिनदेखि नै गम्भिर प्रयत्नशील बन्नुपर्ने हाम्रो बुझाई छ । युवा पुस्ताको चाहनालाई सफल बनाउन निजी क्षेत्रले आफ्नोतर्फबाट शसक्त रुपमा प्रयत्न गर्ने प्रतिबद्धता विहिबार साँझ सम्पन्न परिसंघको राष्ट्रिय परिषद बैठकले गरेको जानकारी समेत गराउन चाहन्छौं ।

# जेन–जीको आन्दोलनपछि रोकियो नेपालको क्रेडिट रेटिङ




काठमाडौं । जेन-जीको आन्दोलनपछि नेपालमा हुने भनिएको देशको सार्वभौम साख मूल्यांकन रोकिएको छ। २४ भदौमा रेटिङका लागि फिच रेटिङ्सको टोली नेपाल आउने निर्धारित कार्यक्रम थियो। तर, आन्दोलन चर्किएसँगै टोलीको भ्रमण कार्यक्रम रद्द गरेको अर्थ मन्त्रालयका प्रतिनिधिले जानकारी दिएको छ।

२४, २५ र २६ भदौमा अन्तर्राष्ट्रिय रेटिङ एजेन्सी फिचको टोलीले नेपालमा रेटिङ गर्ने तय भएको थियो। अर्थ मन्त्रालयले पनि आवश्यक प्रक्रिया पूरा गरिसकेको थियो। गएको वर्ष फिचले नेपालको रेटिङ गरेको थियो। फिचसँग नेपालले दुई वर्षको रेटिङका लागि सम्झौता गरेको थियो। गत वर्ष फिचले गरेको सोभरेन क्रेडिट रेटिङमा नेपालले बिबी माइनस ग्रेड पाएको थियो।

फिचले इन्भेस्टमेन्ट ग्रेड र स्पेक्युलेटिभ ग्रेड गरी रेटिङका ग्रेडलाई दुई भागमा विभाजित गरेको छ। इन्भेस्टमेन्ट ग्रेडमा पर्ने रेटिङले कर्जाको जोखिम न्यून रहेको अवस्थालाई जनाउँछ भने स्पेक्युलेटिभ ग्रेडले कर्जाको उच्च जोखिम वा कर्जा नतिरेको अवस्थालाई देखाउँछ। इन्भेस्टमेन्ट ग्रेडअन्तर्गत एएए, एए, ए र बिबिबी ग्रेड छन्। कर्जाको जोखिम न्यून रहेको उच्चतम अवस्थालाई एएएले इंगित गर्छ। बिबिबीले इन्भेस्टमेन्ट ग्रेडको तल्लो सिमामा रहेको देखाउँछ।

स्पेक्युलेटिभ ग्रेडअन्तर्गत बिबी, बी, सिसिसी, सिसी, सी, आरडी र डी पर्छन्। इन्भेस्टमेन्ट ग्रेडबाट खस्किएर एक स्थान तल रहेको अवस्थालाई बिबी ग्रेडले जनाउँछ । डी ग्रेडले कर्जाको उच्चतम जोखिमलाई जनाउँछ।

सुरक्षित बसोबास । सुलभ आवास ॥ सफा, हरियाली स्वच्छ वातावरण । सकारात्मक सोचाइ, उच्च नैतिक आचरण ।। सानो परिवार । समृद्ध घरबार । राष्ट्रिय आवास कम्पनीको मूल आधार ॥

राष्ट्रिय आवास कम्पनी लिमिटेड २०४६

राष्ट्रिय आवास कम्पनी लिमिटेड
(नेपाल सरकारको पूर्ण स्वामित्व प्राप्त)
सम्पर्क कार्यालय : बुद्धनगर, काठमाडौं
सम्पर्क नम्बर : ०१-४७९०५२१, ०१-४७९७२१९
इमेल : rastriyaaawascoltd@gmail.com

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

जनिहतमा जारी सन्देश !

- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं ।
- अधिकारको पूर्ण उपभोग गरौं ।
- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- दैनिक रुपमा नियमीत व्याम गरौं ।
- वैदेशीक रोजगारीमा जानै परे सिप सिकेर मात्रै जाउँ ।
- लैंगिक हिंसामुक्त पालिका निर्माण अभियानमा सबै जुटौं ।
- बालअधिकारको संरक्षण र सम्वर्द्धन गरौं ।
- घर, गाउँ तथा नगरलाई स्वच्छ, सफा र हराभरा बनाउन सहयोग पुऱ्याई सभ्य समाजको निर्माणमा जुटौं ।

वर्षातको समयमा बाढी पहिरो जोखिमबाट बचौं

यसका लागि,
- नदिमा बाढीको सतह र अवस्थाको बारेमा नियमित जानकारी लिने गरौं।
- रेडियो र टेलिभिजनबाट आउने बर्षा र बाढी सम्बन्धि खबर सन्देश ध्यान दिएर सुनौं।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो कुलो वा नहरजस्ता संरचना निर्माण गरौं ।
- पहिले पहिरो गएका ठाउँमा फेरि पनि पहिरो जाने संभावना धेरै हुने भएकाले त्यस्ता ठाउँको पहिचान गरौं ।
- अपाङ्गता भएका व्यक्ति, वृद्धवृद्धाहरु, गर्भवती तथा सुत्केरी महिलाहरुलाई लिएर सुरक्षित स्थल तर्फ जाऔं र पशुपंक्षिलाई पनि सुरक्षित स्थानमा लैजाऔं ।

कर्णाली प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर सुर्खेत

उपभोक्ता हितका लागि अनुरोध !

- खाद्य पदार्थमा हुने मिसावटठगी, काला बजारी, अस्वाभाविक मूल्य वृद्धि लगायतका गलत क्रियाकलाप रोक्न आम उपभोक्ता सचेत र जिम्मेवार बनौं ।
- खाद्य वस्तुको भौतिक अवस्था, स्रोत, स्वच्छता तथा गुणस्तरबारे विचार गरी उपभोग योग्य खाद्य वस्तुको मात्र छनोट गरौं ।
- औद्योगिक खाद्य वस्तु खरिद गर्दा पूर्ण लेबल विवरण उल्लेख भएका खाद्य वस्तु मात्र उपभोग गरौं। खाद्य वस्तुको आवरणमा निम्नलिखित विवरणहरू अध्ययन गरेर मात्र खरिद गरौं।
  - क) उत्पादकको नाम र ठेगाना,
  - ख) उत्पादन मिति र उपभोग्य मिति वा अवधि,
  - ग) खुद तौल, परिमाण, मूल्य र गुणस्तर चिन्ह,
  - घ) पोषक तत्व र समिश्रण
  - ङ) दर्ता र अनुमति पत्र नम्बर
  - च) उत्पादन विधि, प्रविधि, खाद्य वस्तुको प्रकार र अन्य विवरण
- खाद्य वस्तुको खुला कारोबार गर्दा ओस्सियका, डल्ला परेका, ढुसी लागेका, क्षति भएका, अस्वाभाविक दाग, धब्बा, रूप, रङ्ग, गन्ध, आकार, प्रकार, विशेषता भएका, किराले क्षति गरेका, सडेगलेका, किरा परेका, झिँगा भन्केका, धूलो, धुंवा, फोहोर तथा वातावरणीय प्रदुषकको सम्पर्कमा आएका, अखाद्य रङ्ग प्रयोग भएका खाद्य वस्तुको उपभोग नगरौं ।

गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पोखरा, कास्की, नेपाल

# कोरला नाकाबाट दसैंका लागि आउन थाले कपडा र विद्युतीय गाडी



मुस्ताङ। दसैं नजिकिँदै गर्दा सिन्धुपाल्चोकको तातोपानी र रसुवाको रसुवागढी नाका ठप्प छन्। असार २४ मा ल्हेन्दे खोलामा आएको बाढीले नेपाल-चीन जोड्ने पक्की पुल बगाएसँगै रसुवागढी नाका ठप्प बनेको हो। अरनिको राजमार्गअन्तर्गत कोदारी खण्डमा पहिरो गएसँगै तातोपानी नाका पनि सञ्चालनमा आउन सकेको छैन। राजमार्गको डाक्लाङमा पहिरो गएपछि थप समस्या भएको छ।

यी दुवै नाका दसैंअघि सञ्चालनमा आउने सम्भावना न्यून रहेकै बेला मुस्ताङस्थित नेपाल-चीन जोड्ने कोरला नाकाबाट भने धमाधम सामान भित्रिइरहेको छ। सबै पूर्वाधार तयार पारेर कोरला नाका सञ्चालनमा ल्याइएको मुस्ताङ भन्सार कार्यालयका भन्सार अधिकृत रमेश खड्काले बताए।

'भदौ २१ देखि भन्सार कार्यालयबाट काम सुरु गरेका हौं,' खड्काले भने, 'अहिलेसम्म यस नाकाबाट ३५ वटा विद्युतीय गाडी र लत्ताकपडासहित तयारी सामान बोकेका ३० वटा कन्टेनर नेपाल भित्रिएका छन्।' चीनको लिजीसम्म चीनकै कन्टेनरले सामान ल्याउँछन्। त्यसपछि नेपालबाट गएका कन्टेनरले त्यहाँबाट सामान लोड गरेर ल्याउँछन्।

'नाका कोरलामै हो, यहाँबाट लिजी ५ सय मिटर दूरीमा पर्छ,' खड्काले भने, 'भन्सार कार्यालय भने नेचुङमा छ, जुन ठाउँ ३ हजार ९ सय मिटर उचाइमा पर्छ।' यहाँबाट कोरला नाका १४ किलोमिटर दूरीमा रहेको उनले बताए।

कोरला नाका भने ४ हजार ६ मिटर उचाइमा पर्छ। 'नेपालबाट सामान लिन गएका कन्टेनर हाई अल्टिच्युठका कारण स्टार्ट रोकिई बीचमै अलपत्र पनि हुने गरेका छन्, एकछिन स्टार्ट बन्द गरेर राख्दा पुनः स्टार्ट गर्न समस्या हुने गरेको छ,' उनले भने, 'जसले गर्दा छिटो गन्तव्यमा पुगेर सामान ल्याउन समस्या छ।' नाकामा भन्सार कार्यालयको भवन छैन। विद्युतीय गाडी नाकाबाट नेपाल भित्र्याएपछि चार्ज गर्ने ठाउँ नहुँदासमस्या थपिएको छ।

अहिले दसैंका लागि लत्ताकपडा लिन नेपालबाट दुई सय कन्टेनर चीनतर्फ गएको खड्काले सुनाए। 'चीनले कति गाडी पारि जान दिन्छ, त्यसअनुसार कन्टेनरले सामान लिएर आउँछन्,' उनले भने। भदौ २३ मा पहिलो पटक कोरलाबाट दुई वटा कन्टेनर सामान लिएर नेपाल भित्रिएका थिए। 'ल्हासाबाट पनि यो नाका नजिक पर्ने रहेछ,' उनले भने, 'त्यसैले ल्हासा र केरुङका गोदाममा भएका सामान यही नाकाबाट आइरहेको छ, हिउँ परेर समस्या नभए यो नाका बाह्रै महिना नै चलाउन सकिन्छ।'

यता दसैं नजिकिँदै गर्दा तातोपानी नाका सुनसान छ। यो नाका भएर दसैंमा तयारी सामानसँगै स्याउलगायतका फलफूल भित्रने गर्छ। चाडबाडका बेला अघिपछि भित्रने भन्दा कन्टेनरको संख्या बढी हुन्छ।

दसैंका बेला चहलपल बढी हुन्थ्यो। लत्ताकपडा आउँथ्यो। डेढ महिनादेखि यो नाकाबाट केही पनि नआएको तातोपानी भन्सार कार्यालय, लार्चाका प्रमुख भन्सार अधिकृत राजेन्द्रप्रसाद चुडालले जनाए। यसको विकल्पका रूपमा कोरला नाकाबाट सामान आइरहेको उनको भनाइ छ। 'सडक आज बनायो, भोलि बगाइहाल्ने समस्या भयो, जसले गर्दा अहिले नाका सञ्चालन गर्न समस्या छ,' उनले भने, 'दिनको साढे ६ करोड रुपैयाँभन्दा बढी राजस्व संकलन हुनुपर्नेमा त्यो हुन सकेको छैन।'

तातोपानी भन्सार कार्यालयको चालु आर्थिक वर्षको राजस्व संकलनको लक्ष्य २४ अर्ब ४७ करोड रुपैयाँ छ। 'साउन १ देखि नाका बन्द छ, हामी अड्डा रुँगेर बसिरहेका छौं,' उनले भने, 'नाका सुनसान छ, लक्ष्यअनुसार राजस्व संकलन हुने अवस्था छैन।'चाडबाडको मुखमा व्यवसायीको राम्रै चहलपल हुने रसुवागढी भन्सार नाका यतिबेला सुनसान छ। असार २४ देखि यो नाका खुल्न सकेको छैन। अहिलेको अवस्थामा दसैंअघि नाका खुल्ने स्थिति नरहेको रसुवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत तुलसीप्रसाद भट्टराईले बताए। 'ल्हेन्दे खोलामा ह्युमपाइप राखेर वारपार गर्न मिल्ने बनाइएको छ, नेपालतर्फ बेलिब्रिज निर्मणका लागि बेस बनाउन ह्युम पाइप राखिएको हो,' उनले भने, 'ह्युम पाइपराखिएपछि चीनतर्फ अलपत्र १ सय ६३ जना नेपाल ल्याइएको छ।' टिमुरेबाट रसुवागढी नाका जोड्ने सडक भने बनिसकेको छैन।

चालु आर्थिक वर्षमा रसुवागढी भन्सार कार्यालयले राजस्व संकलनको लक्ष्य ४० अर्ब १६ करोड रुपैयाँ राखेको छ। साउन र भदौ मा राजस्व संकलनको लक्ष्य ७ अर्ब रुपैयां थियो। यी दुई महिनामा केही पनि उठेको छैन। असोजमा मात्र राजस्व संकलनको लक्ष्य साढे ३ अर्ब रुपैया छ। चालु आर्थिक वर्षको तिहारपछि नियमित रूपमा नाका खुलेर सामान आए पनि वर्षभर राखिएको कुल लक्ष्यमा १२ अर्ब कम राजस्व संकलन हुने प्रमुख भट्टराईको भनाइ छ।

## शेयर कारोबार असोज ५ बाट

काठमाडौं। नेपाल स्टक एक्सचेञ्ज (नेप्से)ले असोज २ गते बिहीबारसम्म शेयर कारोबार बन्द गर्ने निर्णय गरेको छ। धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफ ९०(१,घ) बमोजिम धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त भए अनुसार असोज २ गते बिहीबारसम्म शेयर कारोबार बन्द गर्ने निर्णय गरेको हो। देशको विषम परिस्थितिका अझै सहज नभएको कारणले शेयर कारोबार बन्द गरेको नेप्सेले बताएको छ। अब असोज ५ गते आइतबार मात्रै बजार खुल्नेछ। लगानीकर्ताहरु पनि कारोबार खुलाउने पक्षमा थिएनन। मुलुकमा यस्तो घटना घटेको छ। यस्तो बेला कुनै लगानीकर्ता शेयर कारोबार गर्न मनस्थितीमा छैनन। यस्तो बेला खोलिएको बजारले हानी मात्रै गर्ने हुँदा बजार बन्दगर्नु नेप्सेको निणर्य सकारात्मक रहेको लगानीकर्ता छोटेलाल रौनियारले बताए।

## ओझालाई नहटाउन अन्तरिम आदेश



काठमाडौं। बिमा प्राधिकरणका अध्यक्ष शरद ओझालाई बर्खास्ती गर्ने सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ। सोमबार बसेको इजलासले उनलाई तत्काल बर्खास्त नगर्न अल्पकालीन अन्तरिम आदेश दिएको हो। न्यायाधिश सारंगा सुवेदीको एकल इजलासले यस्तो आदेश दिएको हो। साथै नयाँ बीमा प्राधिकरणको अध्यक्ष नियुक्तिको प्रक्रियालाई पनि यथास्थितिमा राख्न आदेशमा उल्लेख छ।


# एनसेलको हार्दिक अनुरोध !

हामी एनसेल परिवार देशभरमा हालै विकसित भएको दुर्भाग्यपूर्ण घटनाक्रमबाट अत्यन्तै मर्माहित भएका छौं। यस दुःखद घडिमा मृतकहरु प्रति हार्दिक श्रद्धाञ्जली तथा शोकाकुल परिवारप्रति हामी हार्दिक समवेदना व्यक्त गर्दछौं।

आम उपभोक्तालाई परिवर्तन र संकटको समयमा देश विदेशमा रहेका आफन्तजनहरुसँग सम्पर्क निरन्तर कायम राख्नु हाम्रो प्राथमिकता हो।

आज २०८२ साल भाद्र २४ गते मंगलबार यस कम्पनीको केन्द्रीय कार्यालयमा आन्दोलनकारीहरु प्रवेश गरेर तोडफोड भएको छ। दूरसञ्चार जस्तो अत्यावश्यक तथा सार्वजनिक सम्पत्तिमाथि क्षति भएमा समग्र सेवामा अवरोध उत्पन्न भई उपभोक्ताहरुलाई मर्का पर्ने सुनिश्चित छ। त्यसैले यस्ता अत्यावश्यक सेवा तथा सम्पत्ति माथि कुनै पनि क्षति नपुर्‍याइदिन हुन र अविच्छिन्न सञ्चार सेवा प्रदान गर्न सहयोग गर्नुहुन हामी सम्पूर्णमा अनुरोध गर्दछौं।

उपभोक्ताहरुलाई सहज सञ्चारको पहुँचको सुनिश्चितताको लागि, आजदेखि लागु हुने गरी अगामी दुई दिनका लागि निःशुल्क लोकल भ्वाईस कल, इन्टरनेट र एसएमएस सेवा उपलब्ध गराएको जानकारी गराउँदछौं।

**एनसेल परिवार**

Ncell

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
# सामाजिक सुरक्षा कोष
थापाथली, काठमाडौं
फोन नं.: ०१-५९७००१६
website: www.ssf.gov.np, email: info@ssf.gov.np

### औपचारिक क्षेत्रका लागि सञ्चालित योजनाहरु

औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना

औषधी उपचार:
- योगदानकर्ता र निजको परिवारलाई।

प्रसुती स्याहार:
- एक महिनाको न्यूनतम पारिश्रमिक।

प्रसुती बिदा:
- ३८ दिनको निजको न्यूनतम आधारभूत पारिश्रमिकको ६०%।

बिरामी बिदा:
- वार्षिक ७९ दिनसम्म निजको आधारभूत पारिश्रमिकको ६०%।

घातक रोग:
- १० लाखसम्मको औषधी उपचार खर्च।

दुर्घटना र अशक्तता सुरक्षा योजना

दुर्घटना बापतको सुविधा:
- रोजगारीजन्य दुर्घटना र व्यवसायजन्य रोगको सम्पूर्ण उपचार खर्च।
- अन्य दुर्घटनाको ७ लाख उपचार खर्च।

अशक्तता बापतको सुविधा:
- अस्थायी पूर्ण असक्षमता: निजको आधारभूत पारिश्रमिकको ६०%।
- स्थायी आंशिक असक्षमता: असक्षमताको अनुपातमा निजको आधारभूत पारिश्रमिकको ६०% सम्म जीवनभर निवृत्तभरण।
- स्थायी पूर्ण असक्षमता: निजको आधारभूत पारिश्रमिकको ६०% जीवनभर निवृत्तभरण।

आश्रित परिवार सुरक्षा योजना

आजीवन निवृत्तभरण:
- पति वा पत्नीलाई आजीवन निवृत्तभरण।
- आमा बाबुलाई आजीवन निवृत्तभरण।

शैक्षिक वृत्ति:
- सन्ततिलाई २१ वर्षसम्म मासिक रुपमा प्रदान।

अन्तिम संस्कार खर्च: २५ हजार रुपैयाँ

एकमुष्ठ रकम फिर्ता:
- आश्रित परिवारलाई कोषमा वृद्ध अवस्था सुरक्षा योजना अन्तर्गत जम्मा भएको रकम प्रतिफल सहित एकमुष्ठ फिर्ता।

वृद्ध अवस्था सुरक्षा योजना

निवृत्तभरण योजना:
- ६० वर्षपछि आजीवन निवृत्तभरण।

अवकाश सुविधा योजना:
- जागिरबाट अलग हुँदा वा ६० वर्षपछि जम्मा भएको रकम प्रतिफलसहित एकमुष्ठ फिर्ता।

### अनौपचारिक र स्वरोजगार क्षेत्रका लागि सञ्चालित योजनाहरु

अनौपचारिक क्षेत्र: औपचारिक प्रबन्धले नसमेटिएको सबै क्षेत्र जस्तैः कृषि, यातायात, निर्माण वा घरेलु कामदार।
स्वरोजगार क्षेत्र: दर्ता वा सिफारिस सहितको स्वयंले बिक्रि प्रयोजनको लागि वस्तु उत्पादन तथा सेवा प्रदान गर्ने व्यक्ति।

औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना

औषधी उपचार:
- योगदानकर्ता र निजको परिवार।

प्रसुती स्याहार:
- एक महिनाको न्यूनतम आधारभूत पारिश्रमिक।

प्रसुती बिदा बापतको सुविधा:
- अन्ठानब्बे दिन बराबरको न्यूनतम आधारभूत पारिश्रमिकको ६०%।

दुर्घटना र अशक्तता सुरक्षा योजना

दुर्घटना बापतको सुविधा:
- ७ लाख रुपैयाँसम्मको उपचार खर्च प्रदान।

अशक्तता बापतको सुविधा:
- अस्थायी पूर्ण असक्षमता: न्यूनतम आधारभूत पारिश्रमिकको ६०%।
- स्थायी आंशिक असक्षमता: असक्षमता प्रतिशतको आधारमा न्यूनतम आधारभूत पारिश्रमिकको ६०% सम्म जीवनभरख निवृत्तभरण।
- स्थायी पूर्ण असक्षमता: न्यूनतम आधारभूत पारिश्रमिकको ६०% आजीवन।

आश्रित परिवार सुरक्षा योजना

आजीवन निवृत्तभरण:
- पति वा पत्नीलाई आजीवन निवृत्तभरण।
- आमा बाबुलाई आजीवन निवृत्तभरण।

शैक्षिक वृत्ति:
- सन्ततिलाई २१ वर्षसम्म प्रदान।

अन्तिम संस्कार खर्च: २५ हजार

एकमुष्ठ रकम फिर्ता:
- आश्रित परिवारले कोषमा वृद्ध अवस्था सुरक्षा योजना अन्तर्गत जम्मा भएको रकम र आर्जित प्रतिफल सहित एकमुष्ठ प्रदान।

वृद्ध अवस्था सुरक्षा योजना

निवृत्तभरण योजना:
- ६० वर्षपछि आजीवन निवृत्तभरण।

अवकाश सुविधा योजना:
- जागिरबाट अलग हुँदा वा ६० वर्षपछि सम्पूर्ण रकम र प्रतिफलसहित एकमुष्ठ फिर्ता।